१. प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, उपप्रमुखज्यू, नगरसभाका सदस्यज्यूहरु, अन्य अतिथिज्यूहरु सञ्चारकर्मी एवं नगरसभामा उपस्थित सम्पूर्ण कर्मचारी एवं अन्य आमन्त्रित महानुभावहरु, प्रमुख प्रशासकीय अधिकृत तथा अधिकृतहरु, जिल्लास्थित कार्यालय प्रमुखहरु, सल्लाहकार, विभिन्न संघ-संस्था प्रमुख तथा प्रतिनिधिहरु, सञ्चारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थिति सम्पूर्ण महानुभावहरु !

२. नेपाली जनताको लामो त्याग, बलिदान र संघर्षको माध्यमबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित नगर सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

३. ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापना भएका स्थानीय तहहरु मार्फत नागरिकका अधिकारहरु स्थापित गर्ने यस अवसरमा म लोकतान्त्रिक गणतन्त्र नेपालको उज्यालो युगमा पुर्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।साथै, विभिन्न आन्दोलनका क्रममा घाइते, वेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । लोकतन्त्र र सामाजिक न्याय प्राप्तिको आन्दोलनको अगुवाई गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । उहाँहरु सबैको योगदानको स्मरण गर्दछु ।

४. गत वर्ष २०७९।०३।१० गते सम्मानित नगर सभामा पेश गरिएको नीति तथा कार्यक्रमलाई टेकेर आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्धेश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरिएको थियो। सोही अनुसार कामहरु भईरहेको छ र परिणाम आउने क्रम जारी छ ।

५. बर्दघाट नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्णप्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगर सरकार हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको

परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

६. नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न नगर सरकार दृढ छ । हामीहरु योजनाबद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्नेमा प्रतिबद्ध छौं । **'मालिक होइन, सेवक हौं'** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रुपमा ग्रहण गरेका छौं।

७. आर्थिक वर्ष २०८०/२०८१ को नीति तथा कार्यक्रमको लक्ष्य **"समृद्ध बर्दघाट"** बनाउने रहेको छ । यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्यिनसँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुर्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरेको छु । अहिलेसम्म हामीले चलाएका अभियान, विकास निर्माण तथा नीतिगत निर्णय, देश भित्रका विभिन्न कार्यक्रम तथा मंचहरुमा नगर सरकारको प्रभावशाली उपस्थिति एवं प्रस्तुतिले राष्ट्रिय जीवनमा बर्दघाटको विश्वास र आकर्षण बढेको छ । प्रदेशभरीका स्थानीयतहहरुबाट हाम्रो प्राथमिकताहरुमा समर्थन र सहयोग प्राप्त भएको छ । नगर सरकारको विकास प्रयासमा प्रदेश सरकार, संघीय सरकार, विकास साझेदारहरुको साथ र सद्भाव वृद्धि भएको छ ।

८. स्थानीय नागरिकहरुको चाहना र भावना अनुसारका सेवा-सुविधा, आवश्यकताको व्यवस्थापन, कार्यान्वयन तथा नियमन गर्ने निकाय नगर सरकार एवं जनप्रतिनिधि नै हुन् भन्ने विश्वास बढिरहेको छ । नागरिकको सो विश्वास अनुसार हामीले काम गरिरहेका छौ । जनप्रतिनिधिहरुको भूमिका नीति निर्माण र विकास निर्माणको अगुवाई, अनुगमन र नागरिकको दुख सुखमा साथ दिने गरी सघन रुपमा अगाडि बढेको छ । नगर सरकार जनताको सुख दुखमा घरदैलोमा पुगेको छ। हालसम्मको हाम्रो कार्यकाल उत्साहवर्धक र उपलब्धीमूलक रहेको छ । नगर सरकारका नीतिले स्थानीय सरकारलाई बलियो बनाउन टेवा पुर्याएको छ। हाम्रो

कार्यकालमा नै **"समृद्ध बर्दघाट"** को आधार खडा गर्ने उच्च महत्वका साथ विकास व्यवस्थापन र सेवा प्रवाहका कामहरु भईरहेका छन् ।

**नगर सभाका सदस्यज्यूहरु,**

९. नगर सरकार सबैसँग सहकार्य गर्दै सबै क्षेत्रमा तीव्र गतिमा उत्कृष्ट उपलब्धिहरु हासिल गर्दै **"समृद्ध नगरको"** दिशामा अघि बढ्ने छ । आगामी आर्थिक वर्ष बर्दघाट नगरको लागि **"तीव्र विकासको वर्ष "** हुनेछ । यस अभियानमा सबै सरोकारवालाहरुको साथ र सहकार्यको लागि आव्हान समेत गर्दछु ।

१०. **विकासको कोशे ढुँगो (Mile Stone)** को रुपमा रहेका चालु आर्थिक वर्षमा हासिल गरिएका उपलब्धिहरुको जग, नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०७४ का सान्दर्भिक नियमहरु, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु, सहस्राव्दी विकास लक्ष्य, जनतासँग गरिएका प्रतिबद्धताहरुलाई केन्द्रबिन्दुमा राखी नगर सरकारको तर्फबाट मैले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । नगर सरकारको यो नीति तथा कार्यक्रम **"समृद्ध नगर : सुखी नगरबासी"** को आकांक्षा पूरा गर्ने दिशातर्फ केन्द्रित छ ।

११. नागरिकले अनुभूति गर्ने गरी विकासको प्रतिफल वितरण, शिक्षा प्रणालीमा परिणात्मक र गुणात्मक सुधार, क्रमागत आयोजना सम्पन्न, कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार, व्यवसाय, लगानीको वातावरण र **नगरको मुहार फेर्ने आयोजना (गेम चेन्जर प्रोजेक्ट)** को सुरुवात, सुशासन, समावेशी विकास, दीगो विकास, सहस्राव्दी विकास लक्ष्य, नगर सरसफाई र हरियाली प्रवर्धन, वातावरण संरक्षण लगायत विकासका समसामयिक मुद्धाहरुलाई निरन्तर सम्बोधन, नगरमा उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्य र नीति तथा

कार्यक्रमको सफल कार्यान्वयनका लागि संघीय सरकार र प्रदेश सरकारसँग सहअस्तित्व, समन्वय र सहकार्यलाई प्राथमिकतामा राखेको छु ।

**कृषि तथा पशुपालन :**

१२. नगरपालिका भित्रको कृषियोग्य जमिनको पहिचान र संरक्षण गर्दै कृषि उत्पादनको क्षेत्रको **विविधिकरण** तथा विशिष्टिकरण मार्फत् नगरपालिकालाई **"कृषि उत्पादनमा आत्मनिर्भर"** बनाउन समुदाय, प्रदेश र संघीय सरकारसँगको सहकार्यमा आवश्यक "**रणनीति" तय** गरिनेछ ।

१३. **'एक घर एक करेसाबारी - पकेट क्षेत्रमा व्यवसायिक तरकारी'** भन्ने नाराका साथ **"तरकारी पकेट क्षेत्र"** कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । अर्गानिक तरकारी उत्पादनमा कृषकहरुलाई आकर्षित गर्न **"अर्गानिक तरकारी उत्पादन सहुलिय कार्यक्रम"** घोषणा गरिनेछ ।

१४. बाली विशेषका उत्पादन पकेट क्षेत्र विकास गर्नको लागि वडा नं. ५, १४ र १५ लाई तरकारी पकेट क्षेत्र, वडा नं. १, ५, ७, १२, १३ र १४ लाई **"मकै पकेट क्षेत्र"**, वडा नं. ८, ९, १० र ११ लाई **"गहुँ वाली पकेट क्षेत्र"**, वडा १, ३ , ६, ७ लाई तोरी पकेट क्षेत्र, वडा नं. ११, १३ र १५ लाई **"माछा पकेट क्षेत्रम र** वडा नं. १, २, ५, १० र १६ लाई **"बाखापालन क्षेत्र"** को रुपमा विकास गरी समुदाय, सहकारी र सरकार (नगर, प्रदेश र संघ) को सहकार्यमा अभियानात्मक कार्यक्रम संचालन गरिनेछ । वडा नं ४ लगायतका शहर उन्मुख क्षेत्रमा कौशी खेती कार्यक्रम प्रवर्धन गरिनेछ ।

१५. व्यवसायिक कृषि फर्महरु खोल्नका लागि निजी क्षेत्र र सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । प्राकृतिक प्रकोपबाट कृषि उपज तथा पशुपालन व्यवसायमा हुने हानी नोक्सानीको क्षतिपूर्ति प्रदान गर्न **"बाली संरक्षण कोष"** स्थापना गरिनेछ ।

१६. कृषि उपजमा प्रयोग गरिने रासायनिक मल, जैविक विषादी र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ । स्थानीय कृषकहरुसँग जोडिएका रैथाने बिउबिजन, ज्ञान, सीप र प्रविधिलाई संरक्षण गर्दै कृषिको

आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकरणका लागि कृषियन्त्र उपकरण खरिदमा अनुदानको व्यवस्था मिलाइनेछ ।

१७. मुख्य खाद्यान्न वाली धान, गहुँ, मकै तरकारी तथा घाँसको बीउ खरिदमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ । प्रदेश तथा संघीय सरकारसँगको सहकार्यमा कृषकहरुको प्रविधि माथिको पहुँचलाई विस्तार गरिनेछ ।

१८. कृषियोग्य जमिनको खण्डिकरण रोक्नको लागि भूवर्गिकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ । आगामी आवमा नै भूउपयोग योजना समेत निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१९. भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरी करार खेती, सहकारी खेती र सामूहिक खेती गर्न उत्प्रेरित गरिनेछ । खेतीयोग्य बाँझो जमिनमा समेत खेती गर्न प्रोत्साहन गरिनेछ । सामुदायिक वन, हैसियत बिग्रिएको जमीन र नदी उकास क्षेत्रमा फलफुल, अदुवा, बेसार खेती र घाँस विकास कार्यक्रम संचालन गरिनेछ ।

२०. च्याउ उत्पादन कार्यक्रमलाई प्रोत्साहित गर्नको लागि च्याउ उत्पादक किसानलाई तालीमका साथै टनेल निर्माणमा अनुदान उपलब्ध गराईनेछ। पहाडी भागमा रैथाने तरकारी बाली संरक्षण र प्रवर्धन कार्यक्रम संचालन गरिनेछ ।

२१. हरेक वडामा कम्तिमा २ जना अगुवा कृषक उत्पादन गर्ने कार्यक्रमलाई किसानहरुको सहभागितामा संचालन गरिने छ । किसानहरुको समस्यालाई मध्यनजर गर्दै नगरभित्रका किसानले जोत्ने ट्याक्टहरुको मूल्यमा एकरुपता ल्याउनको लागि आवश्यक गृहकार्य गरिने छ ।

२२. **"व्यवसायिक रुपमा काम गर्ने किसानलाई नगरपालिकाको सम्मान : सबै किसानलाई उत्पादनमा आधारित अनुदान"** नीति अवलम्वन गरिनेछ । दुग्ध उत्पादक किसानहरुलाई उत्पादनको आधारमा प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिनेछ ।यो कार्यक्रमको लागि पर्याप्त स्रोतको सुनिश्चित गरेको छु । नगरपालिका भित्र दुधको मूल्यमा अधिकतम

एकरुपता कायम गरिनेछ । नगर भित्रका उत्कृष्ट बंगुर फारमहरुसँग साझेदारीमा **बंगुर स्रोत केन्द्र** संचालन र विकास गरिनेछ ।

२३. पशुमा हुने थुनेलो र बाँझोपना निवारणका लागि कार्यक्रम तय गरि संचालन गरिनेछ । पशु आहारा आपुर्तिका लागि साईलेज प्रर्वद्धन कार्यक्रम संचालन गरिनेछ ।

२४. पशु नश्ल सुधारका लागि गाईभैसीमा कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिएको छु । पाडा, पाडी पाठा, पाठी हुर्काउने कार्यक्रमलाई सीमान्तकृत समुदाय केन्द्रित गरी नमूनाको रुपमा संचालन गरिनेछ ।

२५. गाई र भैसीमा खोरेत र भ्यागुते, बाख्रामा पि.पि.आर र बंगुरमा स्वाइन फिवर विरुद्धको  निशुल्क खोप कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । पशु तथा कृषि सेवाकेन्द्रहरुको स्तरोउन्नतीको कामलाई प्राथमिकतामा राखेको छु । जैविक, प्राङ्गारिक र गोबर मलको प्रभावकारी व्यवस्थापन गरिनेछ ।

२६. पशुपन्छी दानामा प्रयोग हुने मकै स्थानीय तवरले उपलब्ध हुने सुनिश्चित गरिनेछ । पशु आधार व्यवस्थापनका लागि दाना उद्योग स्थापना गर्न संघ  र प्रदेश सरकारसँग समन्वय गरिने छ ।  पशुजन्य उत्पादन स्वस्थ्य र गुणस्तरीय बनाउनको लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ

२७. “माछा उत्पादनमा आत्मनिर्भर” नगरपालिका घोषणाको लागि माछा पोखरी निर्माण लागतको निश्चित प्रतिशत रकम अनुदान उपलब्ध गराउनुका साथै माछा पालनमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

२८. नगरपालिका भित्रका महत्वपूर्ण तालतलैया, कुवाँ र पोखरी लगायत प्राकृतिक जलाशय संरक्षण गरी मत्स्य उत्पादनमा उपयोग गरिनेछ ।

२९. कृषि हाटबजारहरुलाई व्यवस्थित तवरले संचालन गरिनुका साथै कुनै व्यक्ति तथा संघ-संस्थाले सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार हाटबजार संचालन गर्न चाहेमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

३०. वडा ४ को रेडक्रस भवनमा स्थापना गरिएको कृषि उपज संकलन केन्द्रको स्तरोउन्नती गरी स्थानीय कृषि उपजको बजारीकरणलाई टेवा पुर्याइने छ ।

३१. ¨**कृषि हाटबजारको पूर्वाधार निर्माण कार्यक्रम"** सुरु गरी वडा नं ४ मा आधुनिक ढाँचाको हाट बजार निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ । हाट बजारको पूर्वाधार निर्माणका लागि कृषि, सहकारी तथा भूमि व्यवस्था मन्त्रालयसँग सहकार्य गरिनेछ ।

३२. कृषिमा सिंचाईलाई पहिलो प्राथमिकतामा राखिने छ । परम्परागत कुलाहरुको खोजी गरि सतह सिचाइलाई प्रथमिकता दिनुको साथै स्यालो तथा डिप ट्युवेल प्रर्वद्धन गरिनेछ । वडा नं १, ८, १३, १४, र १६ का जडान भएका डिपबोरिङ्गमा पाइप लाइन विस्तार गरी सिँचाईको क्षेत्रफल विस्तार गरिनेछ ।

३३. फाटक सिँचाई कार्यक्रमलाई उच्च प्राथमिकता दिई संचालनमा ल्याईनेछ । सिंचाई प्रणाली आसपासका जग्गाहरु बाँझो राख्न नपाउने व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिनेछ भने खाली जमिनमा केरा, मकै, घाँस, फूल, नर्सरी संचालन लगायतका कृषिजन्य क्रियाकलाप संचालनका लागि प्रोत्साहन गरिने कार्यक्रम संचालन गरिने छ ।

३४. मौरीपालन व्यवसायीलाई सहकारीमा संगठित गर्दै पहाडि क्षेत्रलाई मौरी श्रोतकेन्द्रका रुपमा विकास गरी महको ब्राण्ड्रिङ्ग गरिने छ ।

**पर्यटन क्षेत्र :**

३५. बर्दघाट नगरपालिका पहाडी क्षेत्रलाई वोडर टुरिजम र हिलटुरिजमको रुपमा विकास गरिनेछ । लुम्बिनी सँगसँगै गौतमबुद्धसँग जोडिएका अन्य स्थानहरुसँग नगरको सामिप्यता बढाउन र आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न बुद्वमंगल काललाई बुद्वसर्किटमा जोडनको लागि आवश्यक गृहकार्य गरिनेछ । वडा नं. १२ मा रहेको बुद्व मंगल काललाई स्तरोउन्नती गरिनेछ । नगरभित्र रहेका अन्य पर्यटकीय तथा वनभोज स्थलहरुको स्तरोउन्नतीको लागि आवश्यक व्यवस्था मिलाइनेछ । त्यसैगरी संसारकोट, बाउन्न घोला सिमसार, शहिद पार्क, कञ्चनगढी, चमेरे

गुफा, बनदेवी सितापोखरी सिमसार लगायतका नगरभित्रका गन्तव्यहरुलाई थप व्यवस्थित गरिनेछ ।

३६. धार्मिक, सांस्कृतिक एवं लोक परम्परा र स्थलहरूको पहिचान, संरक्षण र विकासमा जनसहभागिता परिचालन गरिनेछ । नगर क्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरू र अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण एवं सम्वर्धन गर्ने कार्यमा स्थानीय टोल विकास संस्था, आमा समूह, क्लव, संघ-संस्थाहरू लगायत स्थानीय समुदायलाइ प्रोत्साहन गरिनेछ ।

३७. अर्गानिक खाद्यान्न, तरकारी, दूध, माछा, मकै, गहुँ उत्पादन एवं माछापालनका सफल फर्म र गाउँ/टोलहरुलाई होमस्टेसँग जोडि "कृषि पर्यटन" को विकास गर्नको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ । विभिन्न जातजातीहरुको धर्म, संस्कृति र रीति रिवाज र रहनसहनलाई प्रवर्धन गर्दै सम्भावित त्यस्ता बस्तीहरुमा होमस्टे संचालनका लागि आवश्यक सहयोग गरिनेछ ।

३८. आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउनका लागि पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण तथा व्यवस्थापनमा सरोकारवाला संघ संस्था, गैसस, निजी लगानीकर्ताहरूसँग सहकार्य गरिनेछ ।

३९. पर्यटन प्रवर्धन क्रियाकलापमा टोल विकास संस्था, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, विभिन्न संघ संस्था, क्लव तथा स्थानीय जनताको प्रत्यक्ष संलग्नता बढाइनेछ ।

४०. नगरका निश्चित स्थानहरुलाई "खुला क्षेत्र घोषणा गरिनेछ भने केहि स्थानहरुमा खुला-पार्क" निर्माण गरने कामलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।

४१. वडा नं ४ को वाढीपीडितमा अवस्थित सिमसार सहितको काललाई प्रदेश सरकारको सहयोगमा स्तरोउन्नती गरी आन्तरिक पर्यटकीय स्थल र सिंचाईको रुपमा प्रयोगमा ल्याईने छ ।

**उद्योग तथा रोजगारी :**

४२. संविधान तथा स्थानीय सरकार संचालन ऐनले दिएको अधिकारको अधिनमा रही सबै प्रकारका उद्योगहरुको व्यवस्थापनका लागि एकीकृत नीति तर्जुमा गरी उद्योगहरुलाई व्यवस्थित गरिनेछ ।

४३. वडा नं. ५ को खजुरा खोलाको पुलभन्दा उत्तर तर्फमा रहेको **"बर्दघाट उद्योग ग्राम"** को पूर्वाधार निर्माण सुरुवात गर्दै नमूनाको लागि केहि उद्योगहरुलाई संचालनमा ल्याईनेछ । औद्योगिक अवसरहरुलाई मूर्तरुप दिने आर्थिक गतिविधिहरुलाई उच्चत विन्दूमा पुर्याउने रोजगारीका अवसरहरुमा व्यापक वृद्धि गरी उत्पादन र उत्पादकत्व बढाउने मूल ध्येका साथ साना तथा मझौला उद्यमशीलता विकास हुने गरी औद्योगिक ग्रामलाई संचालनमा ल्याईने छ । औद्योगिक ग्रामको नमुना पूर्वाधार संरचना निर्माण कार्यक्रमको लागि (डिपिआर) तथा गूरुयोजना वमोजिम पूर्वाधार संरचना निर्माण कार्य अगाडि वढाइनेछ ।

४४. बैंक, उद्योगी, व्यवसायीलाई व्यवसायीक सामाजिक उत्तरदायित्व **(Corporate Social Responsibility)** निर्वाह गरि नगरपालिकाको समग्र विकासमा सहभागी हुन प्रेरित गरिनेछ ।

४५. उद्योग संचालकले वातावरण प्रदुषण कम गर्ने खालका प्लान्ट जडान गरि वातावरण प्रदुषण कम गरेमा र आफ्नो उत्पादन प्लाष्टिकमा प्याक नगरि कपडा वा कागज जस्ता वस्तुमा प्याक गरी सप्लाइ गरेमा त्यस्ता उद्योगलाइ नगरपालिकाले सम्मान एवं प्रोत्साह गर्ने छ ।

४६. तोकिएको मापदण्ड पुरा नगरेका, दर्ता नभइ संचालनमा रहेका, सघनवस्तिको नजिक रहेका तथा अत्याधिक प्रदुषण गरी वातावरण विगारेका उद्योगलाई उद्योग ग्राममा नै स्थानान्तरण हुने वातावरण मिलाइनेछ ।

४७. **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** लाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानको लागि आवश्यक सहयोग पुर्याईनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम र अन्य कार्यक्रम बीच तालमेल मिलाउन थप नीतिगत गरिने छ ।

४८. वडा नं ४ मा रहेको साविक गाविस भवनलाई "बर्दघाट नगर तालिम केन्द्र" को रुपमा विकास गरी नगरपालिकाबाट प्रदान गरिने तालिमहरुलाई सीपयुक्त र स्वरोजगारमूलक बनाउने गरी आगामी वर्ष थप ३०० जना युवा/युवातीलाई स्वरोजगारमूलक तालिम प्रदान गरिनेछ । बर्दघाट नगरपालिकालाई व्यापारिक केन्द्रको रुपमा विकास गरिनेछ । नगरपालिकाको प्रशासनिक भवन परिसरमा "**कोसेली घर**" निर्माण गरिने छ ।

४९. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई आवश्यकता अनुसार क्षेत्र विस्तार गरी प्रभावकारी रुपमा संचालन गरिने छ । उद्यम विकास कार्यक्रम अन्तर्गत विभिन्न चरणको तालिम प्राप्त व्यक्तिहरुलाई अन्य उद्यमशीलता प्रवर्धन कार्यक्रमका लागि प्राथमिकता दिइने छ । नगर भित्र नया लघु उद्यमीहरु सृजनाका लागि सामाजिक परिचालन तथा उद्यमशिलता तालिम सञ्चालन गरिनेछ ।

५०. नगर भित्रका उद्योग वाणिज्य संघ, व्यापार संघ, बजार विकास समिति समेतको समन्वय र सहकार्यमा रोजगारी अभिवृद्धिका कार्यक्रमहरु अगाडी वढाइनेछ । रोजगारी सिर्जना गर्ने कार्यक्रम अन्तरगत नगरपालिकाको रोजगार केन्द्रलाई श्रम सूचना वैंकको रुपमा विकसित गरिनेछ । उद्योग तथा व्यापार मेलाहरुको प्रवर्धन गर्ने कार्यमा सहयोग पुर्याइनेछ । स्थानीय रुपमा उपलव्ध हुने पटेर, थाकल, सालको पात, इत्यादीबाट ढकीया, झोला, मान्द्रो, मुडा, टपरी जस्ता लघु उद्यममा आधारित व्यावसाय विकास कार्यक्रम विस्तार गरिनेछ । नगरपालिकामा सञ्चालनमा रहेको कृषि उपज संकलन तथा विक्री केन्द्र लगायत अन्य स्थानमा लघु उद्यमीहरुले उत्पादन गरेका सामान विक्री वितरण गर्ने व्यवस्था मिलाईने छ ।

**उपभोक्ता हित संरक्षण क्षेत्र :**

५१. उपभोक्ताको अधिकार संरक्षणको लागि उपभोक्ता सचेतना अभिवृद्धि, स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण, वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर मापन, शुद्धता, नियमित रूपमा बजार अनुगमन कार्यमा वडा कार्यालयलाई समेत परिचालन गरी प्रभावकारी बनाइनेछ ।

व्यवसायिक आचारसंहिता र इथिक्स विपरित हुने गरि खाद्य वस्तु, किराना, कपडा, पुस्तक र हरियो तरकारी बेच्ने पसलबाट मदिरा, सुर्तिजन्य पदार्थ, विषादी, किटनासक औषधी जस्ता वस्तु/सामान बेचविखन गर्न नपाउने व्यवस्थालाइ कार्यान्वयनमा ल्याईनेछ । हालै गठन भएको उपभोक्ता हित संरक्षण मञ्चको संस्थागत विकासमा टेवा पुर्याई उपभोक्ता अधिकार संरक्षणको लागि क्रियाशील बनाई मूल्य र गुणस्तरमा उपभोक्ता नठगिने वातावरणको सुनिश्चितता गरिने छ ।

**सहकारी :**

५२. निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरुसँगको सहकार्यबाट सहकारी प्रवर्धन, समूह सहकारीकरण, सहकारी सचेतना, सहकारीमा रहेको पूँजी परिचालन, सहकारी मार्फत लगानीको अभिवृद्धि, सहकारी खेती प्रणाली लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

५३. सहकारी संस्थाहरुको सुदृढीकरण, विकास र प्रवर्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाइनेछ । सहकारी संघ संस्थाहरुसँग सहकार्य गरी सार्वजनिक निजी साझेदारी मोडलमा उत्पादनमूलक उद्योग व्यवसाय संचालन गर्ने कार्य अघि बढाइनेछ । सहकारीसँग सम्बन्धित अभिलेख अद्यावधिक गरिनेछ । साना किसानहरु र कम आयस्तर रहेका नगारिकहरु आवद्ध रहेका सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग पुर्याइनेछ । साना किसान र बचत तथा ऋण सहकारी मार्फत् **"वित्तीय साक्षरता कार्यक्रम"** संचालन गरिनेछ ।

५४. सहकारीमा आवद्ध विपन्न महिला, सीमान्तकृत, गरीव समुदाय, अपाङ्ग, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकहरूलाइ एकल तथा सामूहिक रूपमा स्वरोजगारमूलक उद्योग व्यवसाय संचालन गर्ने क्षमता विकासका लागि विभिन्न तालिम प्रदायक संघ/संस्था, प्रतिष्ठानहरूसँग सहकार्य गरी आवश्यक पर्ने व्यवसायिक तथा सीपमूलक तालिम प्रदान गरिने छ ।

५५. सरकार, निजी क्षेत्र र सहकारी बीचको सहकार्य र साझेदारीमा उत्पादन तथा सेवामूलक उद्योग व्यवसायको स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

५६. आम नागरिकहरूलाइ सहकारी सम्बन्धी जनचेतना अभिवृद्धिका लागि सहकारी संस्था, नागरिक समाज, विकास साझेदार, शैक्षिक क्षेत्र, सञ्चार जगतका साथै सम्बद्ध सामाजिक संघ संस्थाहरूलाई परिचालन गरिनेछ । विभिन्न सहकारी संघ संस्थाहरूबीच आपसी समन्वय र सहकार्य पद्दतीको विकास गर्न नगरस्तरीय सहकारी सञ्जाललाई प्रभावकारी बनाइने छ । महिला मात्र सदस्य भएको सहकारी संस्थाको व्यवसाय करमा ५० प्रतिशत छुट दिइनेछ ।

५७. सहकारी प्रणालीलाई उद्यमशीलता विकास, कृषिको आधुनिकरणमा परिचालन गरिनेछ । सहकारी संस्थाको नेतृत्वमा कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणको कार्यक्रम संचालन गरिनेछ ।

५८. दुग्ध उत्पादक कृषि सहकारी संस्थाहरूलाइ दुग्धजन्य पदार्थको उत्पादन, विक्रि वितरण कार्यको लागि अनुदान उपलब्ध गराइनेछ । तालिम पश्चात व्यवसाय संचालन गर्न सहकारी र नगरपालिकाको सहलगानीमा सहुलियत कर्जाको व्यवस्था गरिने छ । विशेष सीप तथा योग्यता भएका विपन्न यूवाहरुलाई स्वरोजगार बनाउन वैंक, वित्तिय संस्था तथा सहकारीहरु मार्फत नगरपालिकाको समन्वयमा एवं सुरक्षणमा २ लाख सम्म विना धितो कर्जा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।

**सार्वजनिक नीजि साझेदारी :**

५९. सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार शीतभण्डार, पर्यटन, फोहोरमैला व्यवस्थापन, उद्यम विकास, भौतिक संरचना निर्माणका आयोजना संचालन गरिनेछ । नगरपालिका र वजार व्यवस्थापन समितिको लागत साझेदारीमा उन्नत स्तरको प्रशोधन केन्द्र स्थापना गरी फोहोरको वैज्ञानिक व्यवस्थापन गर्ने कार्यको शुभारम्भ गरिनेछ । सार्वजनिक नीजि साझेदारीका थप क्षेत्रहरुको पहिचान गरी लगानीको सम्भावना पहिल्याइनेछ ।

६०. सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार स्वस्थ्यकर मासु उत्पादन, भण्डारण र विक्रि वितरण गर्ने सहलगानी आयोजनाको सुरुवात गर्न आवश्यक गृहकार्य गरिनेछ ।

## भूमि प्रशासन, भू-उपयोग र सार्वजनिक जग्गा संरक्षण

६१. नगरपालिकाभित्र रहेका ऐलानी, पर्ती र सार्वजनिक जग्गाको नक्साङ्कन र सिमाङ्कन गरी संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ र अतिक्रमणलाई निरुत्साहित गरिनेछ ।

६२. अतिक्रमित तथा अन्य सरकारी/सार्वजनिक जमिनको लगत संकलन तथा तारबार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । अतिक्रमित जग्गाको पहिचान गरी पुनः सार्वजनिकीकरण गरिनेछ ।

६३. "भू-उपयोग मापदण्ड २०७६" लाई प्रभावकारी कार्यान्वय सहित घर-जग्गाको विक्री वितरणलाई वैज्ञानिक रुपमा व्यवस्थापन गरिनेछ ।

६४. जग्गाको स्वामित्वको विवाद भएका स्थानहरुको पहिचान गरी "जग्गा पुनःनापीको कार्यक्रम" लाई संघीय र प्रदेश सरकारको सहकार्यमा शुरुवात गर्नको लागि आवश्यक पूर्ण गृहकार्य गरि अगाडि बढाइने छ ।

६५. नेपाल सरकार तथा प्रदेश सरकार र राष्ट्रिय भूमि आयोगसंगको सहकार्यमा भूमीहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन गर्ने सन्दर्भमा आ.व. ०८०।८१ भित्र नापी नक्साको कार्य गर्न प्रयत्न गरिनेछ ।

६६. अव्यवस्थित बसोबासी, भूमिहिन किसान र सुकुम्वासी नागरिकहरुलाई सम्बोधन गर्नको लागि संघीय सरकारसँग समन्वय गरी आवश्यक गृहकार्य अगाडि बढाइनेछ । भूमीहिन किसानहरुलाई खेती गर्नका लागि बाँझो जग्गा करारमा उपलब्ध गराउन सहयोग पुर्याउनको लागि भूमि वैकको अवधारणालाई मूर्तरुप दिइने छ ।

६७. वडास्तरीय सीमाना, नगरपालिकाको सीमान र प्रदेशको सीमानमा देखिएका विषयहरुलाई व्यवस्थान गर्नको लागि आवश्यक प्रक्रिया पुरा गरी पुन सीमांकन गर्नको लागि प्रदेश सरकार मार्फत संघीय सरकारलाई अनुरोध गरिने छ ।

६८. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई व्यवस्थित बसोबास गर्नको लागि वडा नं ५ बाट सुरु गरिएको नापज जाँच कार्यलाई समयमै सम्पन्न गर्नको लागि आवश्यक राष्ट्रिय भूमि

आयोगसँग सहकार्य गरिएको छ । सार्वजनिक तथा नेपाल सरकारको नाममा रहेको जग्गालाई नगरपालिका मातहत ल्याउने कार्यलाई निरन्तरता दिएको छु ।

६९. वडा नं ४ मा रहेको साविक गाविस भवनमा भूमि प्रशासन सम्बन्धि कामको सुरुवात गर्नको लागि सघीय सरकारसँग समन्वय गरिने छ ।

**गरिवी न्यूनीकरण**

७०. 'एक घर : एक बैंक/सहकारी खाता, एक महिलाः एक बैक/सहकारी खाता अभियान' सञ्चालन गरी सरकारको आर्थिक र सामाजिक सहयोग सबै परिवारमा सिधै पुग्ने वातावरण मिलाइनेछ । नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको समन्वय र सहकार्यमा गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि आवश्यक सहजिकण गरिने छ ।

**शिक्षा प्रणाली :**

७१. **'विद्यालयको शैक्षिक र भौतिक सुधारः बालबालिका विद्यालय प्रवेशको पहिलो आधार'** भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारमा लागि स्पष्ट दृष्टिकोण, प्रतिबद्धता र लगनशीलताका साथ अगाडि बढाइने छ । शिक्षा प्रणालीको सुधार हचुवाका भरमा होइन कि स्थापित मान्यताको जगमा टेकेर प्रष्ट दृष्टिकोणका साथ चालु आर्थिक वर्षका कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षलाई **"शैक्षिक सवलीकरणको वर्ष घोषणा"** गर्दै शैक्षिक विकासका नयाँ र सिर्जनशील कार्यक्रमहरु संचालन गरिनेछ ।

७२. शिक्षा प्रणालीलाई आर्थिक/सामाजिक रुपान्तरणको संवाहकको रुपमा विकास गर्नका लागि सबै तह एवं विधाको शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता, गुणस्तरमा सुधार, अब्वल व्यवस्थापकीय क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय बीचको भिन्नताको अन्त्य, असल अभ्यासहरुको आदान प्रदान, शिक्षा क्षेत्रका **"आशालाग्दा अभ्यास"** र

**“प्रयास गरे परिवर्तन सम्भव छ”** भन्ने मान्यता स्थापितका लागि शैक्षिक प्रणालीलाई जिम्मेवार, जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउँदै जिल्लाको शैक्षिक हबको रुपमा विकास गरिनेछ । यसका लागि शैक्षिक क्षेत्रमा सुशासन, सामुदायिक विद्यालय सवलीकरण, भौतिक पूर्वाधार निर्माण, समुदायको अपनत्व, सघन र नियमित अनुगमन, समन्वयतात्मक प्रयास लगायतका शैक्षिक सुधारका कार्यक्रमहरु शिक्षा प्रणालीका स्थापित मान्यताका आधारमा संचालन गरिनेछ ।

७३. नगरपालिकाको शिक्षा प्रणालीलाई विगतमा सिकिएका पाठहरुको आधारमा विद्यमान कानूनी, संस्थागत र प्रक्रियागत सुधारलाई थप सुदृढ बनाउँदै रणनीतिक ढंगले अगाडि बढाइनेछ । आगामी २ वर्ष भित्र सामुदायिक र संस्थागत विद्यालय बीचको दुरी कम गर्ने र सामुदायिक विद्यालयप्रति आकर्षण थप बढाउने रणनीति अवलम्बन गरिनेछ ।

७४. **"सामुदायिक विद्यालयको पूर्वाधार सुधार कार्यक्रम"** अन्तरगत अधुरा भवनहरुको निर्माण र टहरामा कक्षा संचालन गर्ने परिस्थितिको अन्त्य सहित बालशिक्षा कक्षा कोठा सुधार गरिने छ । टिनका छाना भएका सामुदायिक विद्यालयहरुमा क्रमशः **“फल्स सिलिङ्ग”** राख्ने कार्यक्रमको सुरुवात आधारभूत तहबाट सुरु गरी क्रमश: सबै विद्यार्थीहरुलाई टिनको प्रत्यक्ष छानामुनी बस्नु पर्ने बाध्यताको अन्त्य गरिनेछ । सबै विद्यालयलाई सूचना प्रविधिसँग आवद्ध गराइनेछ । प्रत्येक **"विद्यालय क्षेत्र भित्र आकर्षक फुलबारी निर्माण"** गरिने छ । विद्यालय तथा क्याम्पसहरुको भोगाधिकार प्राप्त प्रयोगविहिन जग्गामा वृक्षारोपण तथा हरियाली प्रवर्धन तथा अन्य उपयुक्त विकल्प पहिचान गरी उत्पादनमूलक बनाइनेछ । हाल संचालनमा रहेका विद्यालयहरु भवनमा भूकम्प प्रतिरोधी प्रविधि जडानमा आवश्यक सहजिकरण गरि भूकम्प प्रतिरोधी विद्यालय संरचना निर्माणमा जोड दिइनेछ । भौतिक पूर्वाधारयुक्त विद्यालयहरुमा प्राविधिक-शिक्षा अध्ययन-अध्यापनको लागि आवश्यक पहल गरिनेछ । विद्यालय समायोजना कार्यक्रमलाई नमूनाको रुपमा सुरु गरिनेछ सामुदायिक विद्यालयमा सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक तथा

खेलकुदका सामग्री, प्रयोगशाला, खानेपानी, छात्रछात्राको लागि अलगअलग शौचालय, सरसफाइ, इन्टरनेट, कम्प्युटर शिक्षकका लागि अनुदान आदिको व्यवस्था मिलाइने छ । सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार निर्माणसम्बन्धी **अधुरा योजनाहरू** सम्पन्न गरिने छन् । विद्यालय मर्मतसम्भार कार्यक्रमअन्तर्गत जिर्ण जस्तापाताहरू विस्थापित गरी कक्षाकोठालाई सिकाइअनुकूल बनाइने छ ।

७५. शिक्षा क्षेत्रमा हालसम्म सम्पादन भएका क्रियाशलापहरु समेतलाई समेटि **"सामुदायिक विद्यालय सवलीकरण कार्यक्रम"** घोषणा गरिनेछ । सामुदायिक विद्यालयमा प्रदान गरिदै आएको **दिवा खाजा कार्यक्रमलाई** निरन्तरता दिइने छ । कक्षा १-१२ सम्मका सबै छात्रछात्राहरूलाई निःशुल्क पाठ्यपुस्तक तथा कक्षा १ देखि ८ सम्मका छात्राहरू र दलित विद्यार्थीहरूलाई छात्रवृत्ति एवम् किशोर अवस्थाका छात्राहरूको लागि सेनेटरी प्याड वितरणजस्ता कार्यक्रमहरू निरन्तरता दिएको छु । नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलान र सरुवाको मापदण्ड तयार पारी **"शिक्षक - विद्यार्थी अनुपात"** समतामूलक रुपमा व्यवस्थापन गरिनेछ ।

७६. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक सामुदायिक र नीजि दुवै प्रकारका विद्यालयहरूमा निःशुल्क रूपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइने छ । गुरुकुल, विहार, गुम्बा, मदरसा र प्राविधिक शिक्षामा आवश्यक सहयोग गरिने छ ।

७७. विद्यालय पुनः नक्सांकन कार्य सम्मपन्न नहुँदासम्म प्रारम्भिक बालविकास केन्द्रहरुको अनुमति, सामुदायिक तथा संस्थागत विद्यालयहरुको अनुमति तथा कक्षा थपको अनुमति प्रदान गर्ने व्यवस्था स्थगित गरेको छु ।

७८. प्राविधिक शिक्षा तथा प्रविधिमा आधारित शिक्षण सिकाइ क्रियाकलापलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ । कम्तीमा एक विद्यालयलाई सङ्घ तथा प्रदेश सरकारसँगको सहकार्यमा **स्मार्ट स्कुल बनाउने कार्यको प्रारम्भ** गरिने छ । डिजिटल प्रविधिबाट शिक्षण गर्न सामुदायिक विद्यालयका शिक्षकलाई ल्यापटप र विद्यालयलाई प्रोजेक्टर व्यवस्था गर्न

शिक्षक, विद्यालय र नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।

७९. शिक्षकहरूको पेसागत विकासका साथै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, लगायत विद्यालयसँग सम्वन्धित सरोकारवालाहरूको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिने छ । शिक्षकको क्षमता अभिवृद्धि कार्यक्रममा विषयगत तालिमका साथै **आत्मसम्मानका साथ शिक्षण सिकाइ क्रियाकलाप (Teaching learning with dignity) लगायत सर्वसम्बन्धित विषयहरू(Cross-cutting Issues) सँग सम्बन्धित** कार्यक्रमहरू सञ्चालन गरिने छ ।

८०. सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरूको विषयगत समितिलाई विषयगत सिकाइ उपलब्धि अभिवृद्धि गर्नका लागि अभिप्रेरित गरिने छ । विद्यार्थीको सिकाइ उपलब्धि तथा कार्यसम्पादनको आधारमा उत्कृष्ट विद्यालय, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक तथा कर्मचारीलाई **सम्मान तथा प्रोत्साहान कार्यक्रम** गरिने छ । विद्यार्थीको चौतर्फी विकासको लागि विद्यालयमा नियमित रूपमा **अतिरिक्त क्रियाकलापहरू** सञ्चालन गरिने छ । नगरस्तरमा अन्तरविद्यालय स्तरीय तहगत प्रतियोगिताहरू, सामुदायिक र संस्थागत दुवै विद्यालयको सहभागितामा सञ्चालन गरिने छ ।

८१. **विद्यालयको परीक्षा प्रणालीलाई** व्यवस्थित गराइने छ । कक्षा १ र ५ मा उपलब्धि मापन परीक्षा सञ्चालन गरी शैक्षिक गुणस्तर अभिवृद्दि योजना बनाइने छ ।

८२. विद्यालयको अनुगमनलाई योजनावद्ध र सूचकमा आधारित बनाउन **Same Time All School Super Vison and Monitoring ( STAMS**) कार्यक्रम सञ्चालन गरि विद्यालय सुपरिवेक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी बनाइने छ । विद्यालय जाने उमेर समूहका सवै बालबालिकाहरूलाई विद्यालय भर्ना गरी सबैको पहुँच सुनिश्चितका लागि **विद्यार्थी भर्ना अभियान,** केही विद्यालयको विस्तृत योजना निर्माण, सबै विद्यालयलाई पूर्णसरसफाईयुक्त र हरियाली, एकीकृत र नतिजामा आधारित अनुगमन

योजनाको निर्माण, विद्यालयका शिक्षक, कर्मचारीहरुको क्षमता अभिवृद्धि लगायतका थप प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछन । यसैगरी सामुदायिक तथा संस्थागत विद्यालयबीचको दुरी कम गर्दै सबै विद्यालयप्रति आम नागरिकको विश्वास र आकर्षण वृद्धि गर्न सामाजिक सचेतना अभियान संचालन गरिने छ । शिक्षक विद्यार्थी एवं अभिभावकहरुमा उत्प्रेरणा जगाउनको लागि शिक्षक विद्यार्थी अभिभावक परामर्श कार्यक्रम संचालन गरिने छ । होटल व्यवसायमा आवद्ध नागरिकहरुबा बालबालिकाहरुको पहिचान गरी  विद्यालय भर्ना गरिने छ ।

८३. बालमैत्री वातावरण सृजना गर्न, विद्यार्थीहरूमा श्रमप्रतिको आस्था सकारात्मक सोच र सृजनात्मकता अभिवृद्धि गर्न **"हाम्रो विद्यालयको सरसफाइ र सुन्दरताका लागि हरेक दिन मेरो दुई मिनेट"** अभियानको सवलीकरण  गरिने छ । उक्त अभियानले विद्यालयको स्वच्छ र सफा वातावरण सृजना गर्न एकीकृत रूपले पाठ्यक्रमका अपेक्षित सिकाइ उपलब्धि हासिल गर्ने गराउने क्रियाकलापतर्फ अभिप्रेरित गरिने छ ।**"हाम्रो स्कुल बनाउ राम्रो स्कुल" अभियानअन्तर्गत सामुदायिक विद्यालयमा दक्ष विषयगत शिक्षकको व्यवस्था गरिने छ ।** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न प्रवर्धनात्मक अभियानहरु  संचालन गरिनेछ । घोकन्ते शिक्षा प्रणालीबाट **सोच्ने, सोध्ने, गर्ने र सिक्ने शिक्षा** प्रणालीको विकास गरिने छ । "**प्रधानाध्यापक, शिक्षकहरूलाइ निर्माण कार्यमा होइन कक्षाकोठामा विद्यार्थीको पठनपाठनमा**" केन्द्रित गरिने छ । **"विद्यालय सुशासन"** अभियान संचालन गरी विद्यालयको संस्थागत व्यवस्थालाई सवलीकरण गरिनेछ ।

८४. **"सफा र स्वच्छ वातावरण, स्वस्थ खाना, सुन्दर विद्यालय, स्वस्थ शरीर, स्वस्थ दिमाग उच्चतम् सिकाइ उपलब्धि"** लाई आत्मसात गर्दै सबै सामुदायिक विद्यालयहरूमा स्वच्छ पिउने पानीको व्यवस्था मिलाइने छ । संस्थागत विद्यालयमा पनि अनुगमन गरी स्वच्छ पिउने पानीको प्रवन्ध गर्न लगाइने छ ।

८५. अस्थायी करारका विभिन्न प्रकारका शिक्षक छनौट कार्यलाइ ब्यवस्थित गर्न शिक्षक छनौट कार्यविधिका आधारमा छनौट गरिनेछ ।उक्त कार्य गर्दा आवश्यक पर्ने वजेट नगरपालिकाले ब्यवस्थापन गर्ने कार्यको थालनी गरी विद्यालयलाई आर्थिक भार कम गरिनेछ ।

८६. यस नगरपालिकाभित्रका सामुदायिक विद्यालयबाट एसईई उत्तीर्ण गरी एमबीबीएस, सूचना प्रविधि र कृषि विषयमा अध्ययन गर्ने सर्वोत्कृष्ट अङ्क प्राप्त गरेका एक/एकजना छात्र र छात्रालाई छात्रवृत्तिको व्यवस्था गरिने छ । विद्यालय तहमा प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिँदै जेहेन्दार, अल्पसंख्यक, सीमान्तकृत, अनाथ, असहाय, टुहुरा, अपाङ्गता, दलित, विपन्न समूह र न्यून आय भएका समुदायका बालबालिकालाई आधारभूत तहको शिक्षाका लागि थप छात्रवृत्तिको विशेष व्यवस्थाका लागि **"नगर प्रमुख छात्रवृत्ति कोष"** स्थापना गरी अगाडि बढाइने छ । संस्थागत विद्यालयद्धारा विद्यार्थीहरुलाई उपलब्ध गराउनु पर्ने १० प्रतिशत छावृत्तिलाई प्रभावकारी रुपमा कार्यान्वयन गराईनेछ । गुरुकूल, गुम्बा, विहार, मदरसा, खुला एवम् बैकल्पिक शिक्षा कार्यक्रम संचालनका लागि प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिनेछ । लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री सिकाई प्रणालीलाई संस्थागत गर्नको लागि उपयुक्त रणनीति तय गरी कार्यान्वयनमा ल्याइनेछ ।

८७. **ENSSURE परियोजना**सँगको सहकार्यमा विविध सिपमूलक र रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिने छ । साथै प्राविधिक शिक्षाका कार्यक्रमहरूलाई थप व्यवस्थित गरिने छ ।

८८. विभिन्न कला, संस्कृति, भाषा आदिको संरक्षण र प्रवर्धन गर्न साथै अन्य नगरपालिकाभित्र सञ्चालन भएका विविध क्षेत्रका कार्यक्रमहरूको अध्ययन अनुसन्धान गरी मार्गनिर्देशन गर्न **प्रज्ञा प्रतिष्ठानको** भूमिकालाई प्रभावकारी बनाइने छ ।

८९. **विद्यालय नर्स कार्यक्रम**लाई परीक्षणको रुपमा कुनै एक विद्यालयमा सञ्चालन गरिने छ । **प्रारम्भिक बालविकास केन्द्रहरू**लाई सुविधासम्पन्न बनाउन बनाइने छ । **क्याम्पसहरूलाई प्रदान गरिने अनुदान**लाई

विद्यार्थीहरूको इन्टर्नसिप कार्यसँग आवद्ध गरिने छ । शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनौपचारिक तथा जीवनपर्यन्त सिकाइसँग सम्बन्धित विविध कार्यक्रमहरू प्रदेश र सङ्घीय सरकारसँगको सहकार्यमा सञ्चालन गरिने छ ।

९०. सामुदायिक विद्यालयका प्रधान अध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग कार्यसम्पादन करार गरी शिक्षाको गुणस्तरमा सुधार गरिने छ । सामुदायिक विद्यालयका माध्यामिक तहका उत्कृष्ट प्रतिभा भएका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई नगर प्रतिभा पुरस्कार र उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकहरुलाई उत्कृष्ट शिक्षक पुरस्कार प्रदान गरिने छ । शिक्षाको गुणस्तर सुधारका लागि विद्यालय सुधार कार्ययोजना शिक्षा समितिमा पेश गर्नुपर्ने प्रणालीको सुरुवात गरेको छु । विद्यालय कर्मचारीहरुको सेवा र सुविधाहरु वृद्धिको लागि आवश्यक पहल गरिने छ ।

**स्वास्थ्य प्रणाली :**

९१. **"स्वस्थ नगरबासी : स्वस्थ नगर"** भन्ने नारालाई नै निरन्तरता दिई गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने कामलाई निरन्तता दिइनेछ । नगरभित्रका सबै वर्थिङ्ग सेन्टरहरुको गुणस्तर सुधार गरी सुरक्षित मातृत्वको हकलाई सुनिश्चित गरिनेछ । साथै, नगरका वर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिलाहरुलाई पोषण भत्ता उपलब्ध गराइनेछ ।

९२. महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धिका लागि प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । उमेर पुगेका महिला स्वयंसेविकाहरुलाई नेपाल सरकारले प्रदान गर्ने रकममा केही रकम थप गरी **"सुनौलो अवकाश योजना"** कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ । उत्कृष्ट स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिनेछ । सिकलसेल एनिमिया रोकथामका कार्यक्रम संचालन गरिनेछ

९३. मौजुदा अस्पताल, स्वास्थ्य संस्थाहरु, गाउँघर क्लिनिक र खोप केन्द्रहरुको व्यवस्थापन सुधार, भौतिक पूर्वाधारहरुको निर्माण, शुद्ध

खानेपानीको व्यवस्था, पर्याप्त औषधी, पर्याप्त लजिष्टिक सामाग्रीहरु र तालिम प्राप्त जनशक्तिको व्यवस्था, कार्यलय संचालन खर्चको प्रवन्ध गरी **सवल स्वास्थ्य प्रणालीमा** रुपान्तरण गरिने छ ।

९४. व्यक्तिको खानपान, आनिबानी र व्यवहारमा सुधार गर्न शारीरिक व्यायाम, योग, ध्यान, साधना जस्ता क्रियाकलापहरुलाई दैनिक जीवनचर्याको रुपमा विकास गरी सबै नगरवासीको स्वस्थ जीवन सुनिश्चित गर्न **"सामुदायिक स्वास्थ्य शिक्षा कार्यक्रम"** कार्यान्वयन गरिने छ। धुम्रपान, मध्यपान र लागू औषध सेवन र दुर्व्यसनीलाई न्यूनिकरण गर्न विभिन्न **चेतनामूलक अभियानहरुलाई** निरन्तरता दिइनेछ । योग, ध्यान, साधना केन्द्र र प्राकृतिक चिकित्सक सेवा संचालनका लागि प्रोत्साहन गरिनेछ। स्वस्थ नागरिक, स्वस्थ समाज, स्वस्थ जीवन र त्यसका लागि स्वस्थ उत्पादन र उपभोगको अवधारणालाई कार्यान्वयनमा ल्याउन संघीय र प्रदेश सरकारसँग सहकार्य र समन्वय कार्यक्रम संचालन गरिनेछ । चिसापानी अस्पताल र शहिद स्मृति सामुदायिक अस्पतालमा हरेक विहान योग अभ्यास संचालन गरिने छ ।

९५. **स्वास्थ्य सूचना प्रणाली तथा आपूर्ति व्यवस्था प्रणालीलाई** चुस्त र दुरुस्त बनाइनुका साथै सम्पूर्ण स्वास्थ्य सस्थाहरुवाटै अनलाइन माध्यमवाट प्रतिवेदन प्रविष्ट गर्ने व्यवस्थालाई सुनिश्चित गर्नुको साथै तथ्याङ्कको गुणस्तर सुधारका लागि नियमित तथ्याङ्क लेखाजोखा तथा मासिक समिक्षा र सबै स्वास्थ्य सस्थाहरुमा HP-MSS कार्यक्रम अनुसार सस्था मापन गरिने छ । स्वास्थ्य सस्थाहरुमा आवश्यक फर्म फर्मेटहरुको उपलव्धताको सुनिश्चितता गरी अपुग भएमा छपाई गरी वितरण गरिने छ ।

९६. **सरुवा तथा नसर्ने रोगहरुको रोकथाम** तथा उपचार र मानसिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारीरुपमा अगाडी बढाइने छ । यसका साथै विशेषज्ञ सहित स्वास्थ्य शिविरहरु सञ्चालन गरिने छ । वडा न १४ को दाउन्नेदेवी स्वास्थ्य चौकीमा ILR को व्यवस्था गरिने छ।

९७. नगरपालिका भित्र बसोवास गर्ने वासिन्दा खासगरि महिला तथा बालबालिका किशोर किशोरी गरिव अशक्त अपाङ्ग भएका सिमान्तकृत

जेष्ठ नागरिक तथा सेवा उपभोगको दृष्टिले पछि परेका जनताको पहिचान गरी गुणस्तरीय आधारभुत स्वास्थ्य सेवाको उपभोग गर्दा आईपर्ने सामाजिक सास्कृतिक र आर्थिक कठिनाइहरुलाई कम गर्दै सेवाको पहुँच र उपभोगमा वृध्दि गर्न **विशेष लक्षित कार्यक्रम** तयार गरी कार्यान्वयन गरिने छ । नगरपालिकाका अशक्त असहाय अति विपन्न महिला, वालवालिका तथा जेष्ठ नागरिकको घर दैलोमा स्वास्थ्य सेवा उपलव्ध गराइने छ । नगर भित्रका स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरीमैत्री संस्थाको रुपमा विकास गर्नको लागि आवश्क प्रवन्ध मिलाईने छ ।

९८. नगरपालिका भित्रका मुटु रोग र मृगौला रोगका लागि **नियमित डायलासिस** गर्ने बिरामीहरुको उपचारको लागि गौतम बुद्व सामुदायिक मुटु अस्पताल, बुटवलसँग सम्झौता गरी निशुल्क रुपमा आवत जावत गर्ने कार्यक्रमलाई निरन्ता दिइनेछ ।

९९. क्षयरोग कुष्ठरोग पत्ता लगाउने कार्य र महिला स्वास्थ्यलाई मध्यनजर गर्दै **वडास्तरमा स्वास्थ्य शिविर** सञ्चालन गरिने छ ।

१००. **सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्य र पोषण** अवस्थामा सुधार ल्याइ मातृ तथा शिशु मृत्युदर घटाउन सुत्केरी आमालाई बढीमा दुई सन्तानसम्मका लागि दिइदै आएको सुत्केरी पोषण भत्ता नगर भित्रकै प्रसुति केन्द्रमा सुत्केरी भएका वा आमा सुरक्षा कार्यक्रम लागु भएका अस्पतालमा गई अप्रेशन भइ सुत्केरी भएकालाई दिइने छ । साथै नगर क्षेत्रका प्रसुति केन्द्रमा सुत्केरी हुने र कुरुवालाई समेत खाने र वस्ने व्यवस्था गरिने छ ।

१०१. **सुत्केरीहरुको स्वास्थ्य परीक्षण** : सुत्केरी पछि घरमा गई ३ पटक स्वास्थ्य परिक्षण गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ । साथै बच्चाको पोषण लेखाजोखा गर्नका लागि थप तौल समेत निरन्तरता दिईने छ।

१०२. आवश्यकता पहिचानका आधारमा थप स्वास्थ्य सस्थामा **प्रसुति केन्द्र तथा प्रयोगशाला स्थापना** गरी सेवा विस्तार गरिने तथा आधारभुत प्रयोगशालावाट दिइने सेवा निशुल्कलाई निरन्तरता दिइने छ ।

१०३. स्वास्थ्य सस्थाहरुमा सुत्केरी हुने दरलाई बढाउन प्रसुति केन्द्रलाई साधन श्रोत सम्पन्न गराउनुकासाथै **२४ सै घण्टा प्रसुति सेवा** प्रदानको निरन्तरतता दिइने छ।

१०४. **पूर्ण पोषणयुक्त नगर घोषणा कार्यक्रम** : नगरपालिकालाई पूर्ण पोषणयुक्त नगरपालिका घोषणा गर्नेगरी "सुनौलो हजार दिन" का आमा तथा तिनका बालबालिकाको पोषण सुधारका कार्यक्रमलाई निरन्तरता दिईएको छ।

१०५. **पूर्ण खोप घोषणा कार्यक्रम**लाई वडा सुनिश्चितता सहित निरन्तरता दिईने छ। प्रजनन स्वास्थ्य सुरक्षित मातृत्व बाल तथा शिशु स्वास्थ्य सेवाहरुको सवलीकरण गरिनेछ । नगर भित्रका उपयुक्त स्थानमा **"भ्याक्सिन सव सेन्टर र कोल्ड सेन्टर"** सहित पूर्ण खोपलाई दिगो बनाइनेछ ।

१०६. **आधारभुत स्वास्थ्य र सुरक्षित मातृत्व सेवा** : यो सेवा नगरभरी विस्तार भैसकेकोले आगामी आव देखि वडास्तरदेखि नगरसम्म सुनिश्चित गरिने छ । पूर्ण संस्थागत सुत्केरी नगरपालिका घोषणा गरी दिगोरुपमा व्यवस्थापनको प्रवन्ध मिलाइने छ ।

१०७. **विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम** : नगरपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । साथै विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत किशोरीलाई आइरन चक्की खुवाउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१०८. **बालमैत्री नगर घोषणा** : लक्ष्यको प्राप्तिको लागि स्थानी शासनसँग सम्बन्धित सुचकहरुको प्राप्तिको लागि सघन कार्यक्रम सञ्चालन गरिने छ।

१०९. प्रदेश सरकार र सम्बन्धित विद्यालयको सहकार्यमा माध्यामिक तहका केहि विद्यालयहरुमा स्वास्थ्य सहायकको व्यवस्था गरिनेछ । किशोर-किशोरीहरुलाई प्रजनन अधिकार, प्रजनन स्वास्थ्य जस्ता विषयहरुलाई समेटी **"किशोर-किशोरी शिक्षा"** कार्यक्रम संचालन गरिने छ ।

११०. **चिसापानी अस्पताल :** सिजी फाउण्डेशन र नर्भिक इन्टरनेशनल अस्पतालको सहकार्यमा चिसापानी अस्पतालको स्तरोउन्नती गरी भविष्यमा बर्दघाट ट्रमा सेन्ट्रको लागि परिपूरक अस्पतालको रुपमा विकास गरिनेछ । प्रयोगशालाको लागि पुल्टर र एसीको प्रवन्ध मिलाइने छ ।

१११. **ट्रमा सेन्टर निर्माण :** लामो समयदेखि अनिश्चित देखिएको ट्रमा सेन्टर निर्माणको लागि चिसापानी अस्पतालको पश्चिम उत्तरतर्फको राष्ट्रिय आवास कम्पनीको जग्गा ४० वर्षको लागि वार्षिक रु. ३,५०,२५९ (अक्षेरुपी तीन लाख पचास हजार दुईसय उन्नसाठी) लिजमा लिई निर्माण प्रक्रिया अगाडि बढाईएको छ । ट्रमा सेन्टर निर्माणको लागि लिज रकम मिनाहको प्रक्रिया चालु आर्थिक वर्षदेखि नै सुरु गरिने छ । संघीय सरकारले हाम्रो चिसापानी अस्पतालसँगै प्राथमिक ट्रमा केयर स्थापना गरी संचालनमा ल्याउने घोषणा गरेको छ।

११२. **सहिद स्मृति अस्पताल :** यो अस्पतालमा जनरल स्वास्थ्य सेवा, प्रस्तुती सेवा लगायका सेवाहरुको लागि स्तरोउन्नती गरी जिल्ला भरीका आधारभूत स्वास्थ्य केन्द्र तथा अस्पतालहरुको लागि रिफरल अस्पताको रुपमा विकास गरिनेछ ।

११३. बलियो स्वास्थ्य प्रणाली निर्माणको लागि नगरपालिकाले आफ्नै स्वास्थ्य नीति तथा ऐन कार्यान्वयनमा ल्याई समग्र स्वास्थ्य क्षेत्रको प्रभावकारी तथा नियमित सुपरिवेक्षण अनुगमन तथा मुल्याङ्कन गरिने छ ।

११४. **कोभिड १९** महामारीको व्यवस्थापनवाट प्राप्त अनुभव समेतका आधारमा स्वास्थ्य प्रणालीमा आवश्यक सुधार गरि भविष्यमा यस्ता महामारीको सामना गर्न सक्षम र प्रभावकारी स्वास्थ्य प्रणालीको विकास गरिने छ। डेङ्गि रोग सार्ने लामखुट्टेको **लार्भा र वासस्थान खोज र नष्ट गर** अभियान संचालन गरिने छ ।

११५. जेष्ठ नागरिक तथा सीमान्तकृत समुदायको आंखा उपचारका लागि परासी स्थित विनोद निंता कंडेल आंखा अस्पतालसँग सहकार्य गरी सेवा पुर्याईने छ । सुत्केरी आमा र ६५ वर्ष माथिका जेष्ठ

नागरिकहरुलाई अस्पतालसम्म पुग्नको लागि नगर भित्रका एम्बुलेन्स मार्फत निशुल्क सेवा प्रदान गरिने छ ।

११६. विपन्न नागरिक उपचार : संघीय सरकारको सहयोगमा विपन्न नागरिक उपचार कार्यक्रमलाई अझै व्यवस्थित र लक्षित वर्ग उन्मुख बनाइने छ । स्वास्थ्य विमा कार्यक्रमलाई दोहोर नपर्ने गरी स्थानीय तहको कार्यविधि निर्माण गरी संचालन गरिने छ ।

**महिला, बालबालिका तथा सामाजिक न्याय र सामाजिक समवेशीकरण**

११७. महिला, बालबालिका तथा फरक क्षमता भएकाहरुसँग सम्बन्धित चेतनामूलक प्रचारप्रसार सामग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गरिनेछ । सञ्चार माध्यमसँगको सहकार्यमा लैङ्गिक क्षमता सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ । महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि अभियान संचालन गरिनेछ । किशोरीको बहुआयामिक विकास, लैङ्गिकतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र बाल अधिकार प्रवर्धन अन्तर्गत तालिमको व्यवस्था गरिनेछ ।

११८. एकल महिलाको नाममा संचालित व्यवसाय र एकीकृत सम्पत्ती करमा ५० प्रतिशत छुट उपलब्ध गराइनेछ । लैङ्गिक हिंसा न्यूनिकरण र दाइजो प्रचलन न्यूनिकरण उन्मुख कार्यक्रमहरु संचालन गरिनेछ । महिलाहरुमा रहेको परम्परागत सीप प्रवर्धन गर्नको साथै **महिला उद्यमशीलता प्रवर्धन कार्यक्रम** संचालन गरिनेछ ।

११९. जनप्रतिनिधिहरुलाई लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक हिंसा निवारण तथा बालअधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२०. महिला हिंसा न्यूनिकरण एवं ससक्तिकरणका लागि विभिन्न किसिमका चेतनामूलक कार्यक्रम संचालन गरिनेछ । लैङ्गिक अल्पसंख्यकहरुको विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ । त्यसैगरी लैङ्गिकमैत्री नगरपालिका घोषणा कार्ययोजना निर्माण गरी कार्यक्रम संचालन गरिनेछ । महिलाहरुमा रहेको परम्परागत सीप प्रवर्धन गर्नको

साथै महिला उद्यमशीलता प्रवर्धन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

१२१. मधेसी मूलका नागरिक, पिछडा वर्ग, अल्पसंख्यक, मुस्लिम समुदाय, दलित, आदिवासी जनजाती, लैङ्गिक अल्पसंख्यक लगायत विकासको मूलप्रवाहमा आउन नसकेका वर्ग/समुदाय र क्षेत्रलाई नगरको विकासको मूल प्रवाहमा ल्याईनेछ ।सरोकारवालाहरुसँगको छलफलका आधारमा लैङ्गिक अल्पसंख्यक विशेष कार्यक्रम संचालन गरिने छ ।

१२२. लैङ्गिक विभेद र महिला माथि हुने सबै प्रकारका विभेदप्रति शुन्य सहनशीलताको नीति लिइने छ । महिलाको आर्थिक आत्मनिर्भरता, क्षमता अभिवृद्धि र सशक्तिकरणका लागि सिपमूलक तालिम, आयआर्जन र महिला अधिकार सम्वन्धी कार्यक्रम संचालन गरिनेछ

१२३. लैङ्गिक र यौनिक हिंसा न्यूनीकरणका अभियानात्मक कार्यक्रम संचालन गरिनेछ हिंसापीडित महिलाका लागि सुरक्षित आवास गृहको व्यवस्था गरिने छ । घरेलु हिंसा, जातीय छुवाछुत जस्ता सामाजिक कुरिती हटाउन सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । नगरपालिकामा रहेको लैङ्गिक हिंसा निवारण कोषमा रकम थप गरि कोष संचालनलाई निरन्तरता दिइने छ ।

**बालबालिका**

१२४. बालमैत्री स्थानीय शासन कार्यक्रमलाई विशेष अभियानका साथ संचालन गरिनेछ । सार्वजनिक जग्गाको व्यवस्थापन गरी यसै आर्थिक वर्षदेखि केही वडामा बाल उद्यान निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

१२५. बालबालिकाको चौतर्फी विकासका लागि र प्रतिभावान बालबालिकाको पहिचान र प्रोत्साहनका लागि लक्षित कार्यक्रम संचालन गरिनेछ । त्यसैगरी बालश्रम, बाल विवाह न्यूनीकरणका लागि अभियानात्मक कार्यक्रम संचालन गरिनेछ ।

**जेष्ठ नागरिक :**

१२६. नगर भित्रका जेष्ठ नागरिकहरुको संरक्षण, नियमित र निशुल्क स्वास्थ्य परीक्षण र उपचारको प्रवन्ध, स्वास्थ्य शिविर, सम्मान कार्यक्रम र अन्य प्रवर्धानात्मक कार्यक्रमलाई संचालन गरिने छ । पूर्विय दर्शन अनुसार आमा-बाबु लगायत जेष्ठ सदस्यहरुको हेरचाह तथा पालनपोषण गर्ने परिवारका सदस्यहरुलाई सम्मान गर्ने कार्यक्रम संचालन गरिनेछ । प्रत्येक वडा/टोलमा "जेष्ठ नागरिक क्लव" गठन गरी उहाँहरुको जीवनशैलीलाई सजिलो बनाउन पहल गरिनेछ । संघीय र प्रदेश सरकार, सामाजिक संघ-संस्थाहरुसँगको सहकार्यमा **"जेष्ठ नागरिक अन्तरपुस्ता सीप हस्तान्तरण"** कार्यक्रम संचालन गरिनेछ ।

**अपाङ्गता :**

१२७. सरकारी, सार्वजनिक तथा व्यवसायिक, औद्योगिक भवनहरु अपाङ्गतामैत्री मापदण्ड अनुसार निर्माण गर्ने नीतिगत व्यवस्था मिलाईने छ । निर्माण भईसकेका संरचनाहरुमा क्रमश सुधार गरिने छ । अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा, स्वास्थ्य, रोजगार जस्ता क्षेत्रमा अपाङ्गताको प्रकार हेरी सहुलियत तथा निशुल्क सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ । यस क्षेत्रमा क्रियाशील संस्थाहरुसँगको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुलाई उपयोगी हुने सहायता सामग्री वितरणको व्यवस्था मिलाइनेछ । अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सूचना तथा जनाकारी उपलब्ध गराउन **"अपाङ्गता सहायता केन्द्र स्थापना"** गरिनेछ । अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग/व्यवसायहरुमा लाग्ने करमा छुट दिइने नीति अवलम्वन गरिनेछ । अपाङ्गतामैत्री नगर घोषणाका लागि आवश्यक गृहकार्य गरिनेछ ।

१२८. अपाङ्गता भएका व्यक्तिहरुलाई ससम्मान बांच्न पाउने अधिकारको रक्षाका लागि अपाङ्गमैत्री स्वरोजगार कार्यक्रम मार्फत आत्मनिर्भर

बनाइनेछ । नगरस्तरीय अपाङ्गता समन्वय समितिलाइ सक्रिय बनाइ बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१२९. सडक बालबालिका तथा सडक मान्छेहरुलाई मानव सेवा आश्रमसँगको सहकार्यमा सम्मानपूर्वक जीवन जीउने अधिकारको प्रत्याभूती गराइने छ।

**सामाजिक सुरक्षा :**

१३०. मेरो नेतृत्वको स्थानीय सरकारले चालु आवमा प्रदान गर्दै आएका सबै प्रकारका स्थानीय सामाजिक सुरक्षा कवजहरुलाई यथावत राखेको छ । सीमान्तकृत, दलित, असहाय, अपाङ्गता लगायतलाई प्रदान गरिने सुविधाहरुको पुनरावलोकन गरी कार्यविधि अनुसार प्रदान गर्ने प्रबन्ध मिलाउने छु ।

१३१. अपाङ्गता भएका, एचआईभि प्रभावित, हिंसामा परेका एकल महिला लगायत सीमान्तकृत बालबालिकालाई पठनपठानको प्रवन्ध मिलाईने छ ।

१३२. घटना दर्ता र पंञ्जिकरण सम्बन्धि गुनासा र सो सँग जोडिएका जटिल विषयमा सहजिकरण गर्न एमआईएस अपरेटरको दरवन्दी पूर्ति गरी सेवा प्रवाहलाई नागरिकमैत्री बनाइने छ ।

१३३. विगतका विभिन्न कालखण्डमा नेपालको राष्ट्रियता, जनतन्त्र र जनजिविकाको सवाल लिएर प्रजातन्त्र, लेकतन्त्र र गणतन्त्रका प्राप्तिको लागि भएका राजनैतिक आन्दोलनहरुका साथै वर्गीय, जातीय, क्षेत्रिय सबै लैङ्गिक आन्दोलनहरुमा शहादत प्राप्त गरेका, घाइते, अपाङ्ग तथा द्वन्द पिडित भएका नागरिकहरुको तथ्याङ्क एवम् विवरण संकलन गरी सबैको जानकारीकोलागि सार्वजनिक गर्दै उहाँहरुको त्यागको सम्मानमा योगदानको अभिलेखिकरण गरिने छ।

**खानेपानी तथा सरसफाई**

१३४. खानेपानी सेवा संचालन सम्बन्धी निर्देशिका, २०६९ को प्रावधान अनुरुप खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाले उपभोक्तालाई दिँदै आएको खानेपानी तथा सरसफाई सेवा सुविधाको नियमन गरिनेछ । नेपाल सरकार, प्रदेश सरकार, उपभोक्ता समिति र स्थानीय नागरिकको सहभागिता र लागत साझेदारीमा खानेपानी तथा सरसफाईको सेवा क्षेत्र विस्तार र सेवा स्तर वृद्धिका लागि आवश्यक प्रक्रिया अगाडि वढानुका साथै प्रशोधन केन्द्र सहितको ढल निर्माण योजनाको कार्य आगाडी बढाइनेछ ।

१३५. आर्थिक वर्ष २०८०।८१ लाई सरसफाई वर्ष घोषणा गरी अभियानात्मक कार्यक्रमहरु संचालन गरिनेछ । खानेपानी प्रदायक संस्थाहरु र सम्बन्धित नगरपालिका बीचको सघन समन्वयको कामलाई प्राथमिकता दिइनेछ

१३६. खानेपानी उपभोक्ता तथा सरसफाई समितिहरुसँगको साझेदारीमा जनचेतना अभिवृद्धि कार्यक्रम मार्फत सरसफाईलाई दिगो बनाउन तालीम तथा क्षमता विकासका कार्यक्रमलाई टोल विकास संस्था मार्फत वस्तीस्तरमा पुर्याइनेछ । नगरपालिकालाई पनि पूर्णसरसफाईयुक्त नगरपालिका घोषणा गर्नको लागि आवश्यक रणनीति तय गरी कार्यान्वयनमा ल्याइनेछ । सरसफाईमा नमूनाको रुपमा प्रस्तुत हुने टोल विकासका संस्थाहरुलाई पुरस्कृत गरिनेछ ।

१३७. संघ प्रदेश र स्थानीय खानेपानी संस्थाहरुको सहयोगमा सबैलाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराउनको लागि "एक घर : एक धारा" अभियान कार्यक्रम, विभिन्न वडाहरुमा पाइपलाइन विस्तार, अपुरा र अधुरा खानेपानी संस्थाहरुको निर्माण सम्पन्न गरिने छ । अति विपन्न र सीमान्तकृत समुदायका नागरिकहरुको मौलिक हक प्रवर्धन गर्नका लागि निशुल्क धारा जडान कार्यक्रमलाई यो वर्ष पनि निरन्तरता दिएको छु । खानेपानी संस्थाहरुको सहकार्यकमा विभिन्न स्थानहरुमा आगजनीको नियन्त्रणका लागि फायर हाइड्रेन्ट निर्माण गरिनेछ ।

खानेपानी संस्थाहरुको संस्थागत विकासका लागि नगरभित्रका खानेपानी संस्थाहरुको त्रैमासिक रुपमा समीक्षा गरिनेछ ।

१३८. नगरस्तरीय खानेपानी, सरसफाई तथा समन्वय समिति र प्राविधिक कर्मचारी सहितको वास शाखा गठन लगायत सरसफाईसँग सम्बन्धित संरचनाहरु सक्रिय बनाई पूर्ण सरसफाईयुक्त नगरपालिका घोषणाको कार्यक्रम तयारी गरिने छ । खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको पानीको गुणस्तर परिक्षण गरि शुद्ध खानेपानीको प्रवन्ध मिलाईनेछ ।

१३९. पेट एनिमल (कुकुर, बिरालो, सुगुर) लाई खुल्ला स्थानमा दिसा पिसाब गराउने कार्यको सघन अनुगमन गरी सुधार गरिनेछ ।

१४०. नगर सरसफाई र हरियाली प्रवर्धन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नको नगरका विभिन्न स्थानहरुमा स्थानीय संघ संस्थाहरुको समन्वयमा "बायो शौचालय" निर्माण गरिनेछ । पानी, विजुली, पंखा सहितका यि शौचालयहरु निशुल्क प्रयोग गर्न मिल्ने प्रवन्ध मिलाइनेछ ।

१४१. वातावरणमैत्री समाजको निर्माणद्वारा नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्नको लागि वातावरणमैत्री स्थानीय शासनको प्रारुपलाई (Environment Friendly Local Governance Frame Work) लाई कार्यान्वनमा ल्याईनेछ ।

१४२. लुम्बिनी प्रदेश सरकारको सहयोगमा वडा नं ४ मा निर्माणाधीन रिफ्रेस सेन्टरको निर्माण कार्यलाई पूरा गरी संचालनमा ल्याउन आवश्यक समन्वय, सहयोग र सहजिकरणका लागि अधिकतम प्रयास गरिनेछ । नगरभित्रका विद्यालयमा छात्राको शौचालयमा स्यानिटरी विसर्जन ट्याङ्कि राख्ने प्रवन्ध मिलाईनेछ ।

१४३. नगरलाई सफा सुन्दर र हरियालीयुक्त बनाउनको लागि सरसफाई कार्ड लागू गरिने छ । त्यसैगरी फ्लाष्टिकका झोलाहरुको प्रयोगमा न्यूनीकरणका लागि आवश्यक गृहकार्य गरिने छ ।

## खेलकुद

१४४. खेलकुद क्षेत्रको विकास र विस्तारमा योगदान पुर्याउने तथा उत्कृष्ट खेल कौशल प्रदर्शन गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । खेलको विकास र विस्तारका लागि नगरपालिका, गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरुको सहकार्य र समन्वयमा खेलकुदका पूर्वाधारहरुको स्तरोउन्नती गरिनुका अतिरिक्त वडा नं १६ मा रहेको खेलकूल मैदानलाई " बर्दघाट बहुआयामिक खेलकूद मैदान" को पूर्वाधार विकासका लागि संघीय सरकारसँग समन्वय गरिनेछ । नगरभित्रका अन्य फुटबल मैदान, क्रिकेट ग्राउण्ड, भलिबल ग्राउण्ड, कवर्ड हल लगायतका संरचनाहरुको स्तरोउन्नती गरिनेछ।

१४५. निजी सामुदायिक र संघसंस्थाहरुको सहकार्यमा राष्ट्रिय तथा नगरस्तरीय खेलकूद प्रतियोगिताको आयोजना गरिनेछ । खेलकूद विकास गुरुयोजना तर्जुमा, "खेलकुद विकास समिति" को संस्थागत क्षमता अभिवृद्धि लगायतका कामहरु प्राथमिकता साथ सम्पनन गरिने छ । निजी सामुदायिक र संघसंस्थाहरुलाई अन्तर्राष्टिय स्तरका खेलकूद प्रतियोगितामा भाग लिन प्रोत्साहित गरिनेछ ।

१४६. नगरको गौरवको रुपमा रहेको सूर्यनगर गोल्डकप प्रतियोगिता संचालनको लागि आवश्यक सहयोग पुर्याईने छ ।

## युवा तथा युवा सम्मान कार्यक्रम

१४७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पु¥याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवं पुरस्कृत गरिनेछ । युवाहरुको क्षमता प्रष्फुटनका लागि "युवा परिचालन कार्यक्रम" लाई संचालन गरिने छ । युवा केन्द्रित, लैङ्गिक समानता र सशक्तिकरण, लागुऔषध दुर्व्यसनी, सकारात्मक सोंच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम संचालन गरिनेछ । युवा उद्यमशीलतासँग सम्बन्धित कार्यक्रम संचालन गरिनेछ ।

१४८. नगर प्रमुख युवा उद्यमी परिचालन कोष स्थापना गरी युवा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । युवा उद्यमी केन्द्र स्थापनाको

लागि अध्ययन गरिनेछ । युवाहरुको साहस, सिर्जनशीलता, आत्मविश्वास, उद्यमशीलताको उच्च मूल्याङ्कन गर्दै शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवा शक्तिलाई नगरको मानवीय पूँजीको रुपमा स्वीकार गर्दै नगरको समग्र विकासमा परिचालन गरिनेछ ।

१४९. युवाको आर्थिक, सामाजिक सशक्तिकरण गर्न उद्यमशीलता विकास एवं प्राविधिक तथा व्यवसायिक तालिम गराइनेछ । संघीय सरकारले प्रस्ताव गरेको "युवा परिचालन कार्यक्रम" सँग तालमेल मिलाउँदै युवा जनशक्ति विकास र परिचालनको रणनीति अवलम्बन गरिनेछ ।

## स्वयं सेवा

१५०. स्वयंसेवाको महत्वलाई समाज, टोल र बस्तीस्तरमा स्थापित गरी स्वयंसेवाको दायरालाई सामाजिक जीवनका अन्य आयामहरुमा विस्तार गरी समुदायस्तरबाटै स्वयमंसेवी क्रियाकलापहरु अगाडि बढाइनेछ ।

१५१. स्वयसेवालाई व्यक्तिको जीवन पद्दतिको रुपमा विकास गर्न सबै विद्यालय तथा शिक्षण संस्थालाई आह्वान गरी विद्यार्थीहरुमा स्वयंसेवी भावनाको विकास हुने प्रणालीको शुरुवात गरि औपचारिक अध्ययनको अङ्कै रुपमा स्वयंसेवालाई अवलम्बन गर्ने प्रणालीको विकास गरिनेछ ।

१५२. स्वयंसेवाको क्षेत्रलाई फराकिलो र व्यवहारिक बनाउन थप नीतिगत खाका तयार गरिनेछ । राष्ट्र सेवाको रुपमा लामो अनुभव हासिल गर्नुभएका सम्मानित व्यक्तित्वहरुलाई स्वयंसेवकको रुपमा परिचालित हुने अवसर सिर्जना गरी उत्प्रेरित गरिनेछ । प्राविधिक, व्यवसायिक एवं व्यवस्थापकीय क्षेत्रमा अध्ययनरत विद्यार्थीहरुलाई समेत नगरको आवश्यकता अनुसार स्वःस्फूर्त परिचालित हुने व्यवस्था मिलाइनेछ । **नगर प्रमुखको नेतृत्वमा** स्वयंसेवक परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१५३. खेलकूद, सामाजिक विकास, वातावरण संरक्षण विपद्, प्रकोप व्यवस्थापन सामाजिक तथा आर्थिक रुपान्तरणलगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा युवाहरु परिचालन गरिनेछ । स्वयंसेवक परिचालन र

व्यवस्थापन कार्यविधि निर्माण गरी स्वयंसेवकहरु परिचालित गरिनेछ। स्वयंसेवक मार्फत नैतिकता, नागरिक गुण एवं अनुशासनको विकास, मुलुक र नगरप्रति दायित्वबोध गराउने तथा श्रमको सम्मान गर्ने अभियानात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

**साहित्य, कला र संस्कृति :**

१५४. नगरस्तरीय भाषा, कला संस्कृति सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुलाई व्यवस्थित गर्न बर्दघाट प्रज्ञाप्रतिष्ठान लगायतका संस्थाको समन्वयमा प्रवर्धनात्मक क्रियाकलापहरु संचालन गरिनेछ । नगरपालिकाको आफ्नै **"नगर गीत निर्माण"** गरिनेछ ।

१५५. मौलिक सिर्जनाका माध्यमद्वारा समाजका उपयोगी कृतिहरुको संरक्षण, विद्धानहरुको सम्मान र साहित्यिक गतिविधिहरुको प्रवर्धन गरिनेछ ।

१५६. समाजमा विद्यमान छाडा संस्कृति निरुत्साहित गर्दै मौलिक, हितकारी सांस्कृतिक मूल्य मान्यताको विकासका लागि विविध कार्यक्रम संचालन गरिनेछ ।

१५७. नगर भित्रका उत्कृष्ट कलाकारहरु पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने लगायतका कामहरुलाई निरन्तरता दिइनेछ । नगरपालिका भित्र लुकेर रहेका प्रतिभाहरुको पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सृजनाको संरक्षण र सम्वर्धन गरिनेछ ।

१५८. संस्थागत लागत साझेदारीमा उपयुक्त स्थानमा बर्दघाट नाट्यशाला निर्माण गर्ने कार्य सुरुवात गरिनेछ। बर्दघाटको गौरवको रुपमा रहेको कन्चनगढीको एकीकृत गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइनेछ । नगरपालिका भित्र रहेका ऐतिहासिक पुरातात्विक महत्वका सम्पदाहरुको अभिलेखिकरण र प्रवर्धनका लागि आवश्यक रणनीति तय गरिने छ ।

१५९. नगर भित्रका आदिबासी, जनजाति, दलित, थारु लगायत अन्य लोपोन्मुख जातिका भाषा, धर्म र संस्कृति, ललितकलाको संरक्षणको लागि स्पष्ट

नीतिको तर्जुमा गरिनुको साथै स्थानीय कला संस्कृतिलाई आर्थिक उत्पादनसँग जोड्ने कार्यक्रम तयार गरिनेछ ।

१६०. नगरपालिको उपयुक्त स्थानमा नगर भित्रका थारु, मगर, गुरुङ्ग दलित लगायत विभिन्न जातजातीहरुका मौलिकता संस्कृति र पहिचान संरक्षण गर्न "सांस्कृतिक संग्रहालय निर्माण" को लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

**भवन, तथा शहरी विकास तथा पूर्वाधार :**

१६१. नगरको योजनाबद्ध विकास मार्फत स्वच्छ, सुरक्षित,समृद्ध र पहिचानयुक्त नगरको रुपमा विकास गरी नगरबासीहरुको माग अनुसार सर्वसुलभ, भरपर्दो, गुणस्तरीय शहरी सेवा तथा सुविधा उपलब्ध गराई नगरबासीहरुको जीवनस्तरमा सुधार ल्याउनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृनिकायहरुको समन्वयमा "शहरी सेवा प्रवर्धन" कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

१६२. चालु आर्थिक वर्षमा निर्माण गरिएको भवन निर्माण मापदण्ड २०८० लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ । सिकर्मी र डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालीम दिई दक्ष बनाइनेछ । किफायती आवासका नमूना नक्साहरु तयार पारी नगरबासीलाई उपलब्ध गराइनेछ । सार्वजनिक निजी साझेदारी नीतिको अवधारणा अनुसार "एकीकृत आवास निर्माण" को लागि सम्भाव्यता अध्ययन गरिनेछ ।श्रावण १ गते देखि नक्सा अभिलेखिकरण कार्यको सुरुवात गरिने छ । सो भन्दा अगाडि नै आवश्यक पूर्वतयारी गरिसक्ने प्रवन्ध मिलाएको छ

१६३. नगर भित्रका भूमिहीन र सुकुम्बासीहरुलाई सुरक्षित बसोबासको लागि सामूहिक आवास निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

१६४. बर्दघाट रिङ्ग रोडको रेखांङ्कनको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । पूर्व पश्चिम राजमार्ग आसपासका क्षेत्रमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार “अटो भिलेज” निर्माण लागि सम्भाव्यता अध्ययन गरिने छ ।

१६५. पूर्व पश्चिम राजमार्गको दाउन्ने पहाडको उपयुक्त स्थानमा हाइवे पार्क निर्माणको लागि स्थल छनौट गरी निर्माण कार्य अगाडि बढाइने छ ।

१६६. नगरको विद्युत सेवालाई भरपर्दो र गुणस्तरीय बनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल र ट्रान्समिटर जडान, सडक बत्ती व्यवस्थापन लगायतका पूर्वाधार निर्माणको कामलाई प्राथमिकता दिईनेछ। उज्यालो बर्दघाट कार्यक्रम अन्तर्गत जडान भएका सडक बत्तिहरु स्थानीय बासिन्दा र टोल विकास संस्थाहरुसँगको सहकार्यमा नियमित मर्मत सम्भार गरी प्रभावकारी व्यवस्थापन गरिने छ ।

१६७. प्रस्तावित ६ वटा वडा कार्यालयको निर्माण पूरा गरी आफ्नै भवनमा कार्यालयहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१६८. आम्बासदेखि संसारकोट सम्मको सडकलाई स्तरोउन्नती गरी संसारकोट एकिकृत विकास परियोजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

१६९. साना तथा टुक्रे आयोजनाको मर्मत कार्य मर्मत सम्भार कोषबाट नै गर्ने गरी मर्मत सम्भार कोषको क्षमता बढाइने छ । तोकिए बमोजिमको लागत सहभागिता जनाई पूर्वाधारका कामहरु सम्पन्न गर्न इच्छुक समुदायका लागि लागत साझेदारी कार्यक्रम संचालन गर्ने प्रवन्ध मिलाउने छु ।

१७०. नगर भित्रका पूर्वाधार लगायतका योजनाहरुमा सम्भव भएसम्म नगरभित्र रहेका श्रमिकहरुको परिचालनलाई प्राथमिकता दिइने छ । उपभोक्ता समिति मार्फत योजना कार्यान्वय गर्दा गरिने श्रमदान एवं लागत सहभागितालाई प्रचलित कानूनसँग नबाँझिने गरी पुनरावलोकन गरिने छ । निर्माण र असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरुको अभिलेख खडागरी आधारभूत स्वास्थ्य सेवा र दुर्घटना विमाको व्यवस्था गर्ने प्रणालीलाई कडाईका साथ कार्यान्वयमा ल्याईने छ ।

**यातायात**

१७१. सवारी दूर्घटना न्यूनीकरण, सडक सुरक्षा कार्ययोजना, सवारी दुर्घटना र सुरक्षित यात्रासँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु अभियानका

रुपमा सञ्चालन गरिनेछ । मुख्य राजमार्गमा हुने दुर्घटनालाई न्यूनीकरण गर्नका लागि सरोकारवालासँग छलफल गरी उपयुक्त रणनीति अपनाइनेछ । ट्राफिक प्रहरीसँगको सहकार्यमा मुख्य-मुख्य बजार केन्द्रमा ट्राफिक संकेत चिन्हहरु निर्माण गरिनेछ । नियमित रुपमा ट्राफिक सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । यातायात कम्पनीहरुसँगको सहकार्यमा जथाभावी फोहोर फाल्ने कार्यको अन्त्य गरी सवारीसाधनमा नै डष्टबिन राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

१७२. नगर भित्र रहेका विद्युतीय सवारी साधनहरुको संख्या, रुट, भाडा, क्षमता, पार्किङ्गस्थल लगायतका विषयहरुको नियमन र व्यवस्थापन गरिनेछ । सम्बन्धित व्यवसायिक संस्थाहरुसँगको सहकार्यमा नगरमा नयाँ रुट थप गरी सार्वजनिक यातायात संचालन गरिनेछ ।

१७३. "सेटलाईट सिटी" को अवधारणा अनुसार पूर्व पश्चिम राजमार्ग आसपासको क्षेत्रमा "आधुनिक बस टर्मिनल" निर्माणको लागि सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति, विस्तृत परियोजना प्रस्ताव लगायतका आधारभूत कामहरु सम्पन्न गरिनेछ ।

१७४. छिमेकी नगरपालिकासँगको सहकार्यमा सार्वजनिक निजी साझेदारीको ढाँचामा बर्दघाट बुटवलका लागि मास ट्रान्सपोटेशन क्षमताका विद्युतीय बस संचालनको लागि आवश्यक गृहकार्य गरिनेछ ।

**सूचना तथा संचार :**

१७५. नगर भित्रका सामुदायिक रेडियोहरुको साथै सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । स्थानीय संचार माध्यमहरुको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको नीति अवलम्वन गरिनेछ ।

१७६. जनताको सु-सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यहरुको सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, जनतासँग नगरप्रमुख, कृषि कार्यक्रम, साप्ताहिक रेडियो

कार्यक्रम, सार्वजनिक परीक्षण, चौमासिक सार्वजनिकीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१७७. सूचना प्रविधिसँग सम्बन्धित तालिम, सेमिनार, लगायतका प्रवर्द्धनात्मक विषयहरुलाई सरोकारवाला निकायहरुसँग समन्वयन गरी संचालन गरिनेछ ।

१७८. संचार क्षेत्रको संस्थागत विकासका लागि बर्दघाट प्रेस क्लबको संस्थागत विकासका लागि आवश्यक सहयोग पुर्याइने छ । पत्रकार महासंघ नवलपरासीको क्षमता अभिवृद्धको लागि आवश्यक सहयोग गरिनेछ । नगरपालिका कार्यालयभित्र सूचना केन्द्र स्थापना गरिनेछ ।

१७९. नगरपालिकाको विकास निर्माण, सुशासन, सेवा प्रवाह, सामाजिक सचेतना लगायतका विषयमा कलम चलाउने संचारकर्मी र मिडिया हाउसहरुलाई पुरस्कृत गर्नको लागि "उत्कृष्ट पत्रकारिता पुरस्कार अक्षय कोष" स्थापना गरी वार्षिक रुपमा पुरस्कृत गरिनेछ । "लेस पेपर" को अवधारणा अवलम्वन गर्दै "पेपर लेस" कार्यालय घोषाणाका लागि पूर्वाधार खडा गरिनेछ ।

१८०. मोवाइल एप्सकामाध्यमबाट नगरबासीहरुले सरल र सहज रुपमा सेवा प्राप्त गर्ने आफूसँग सम्बन्धित सूचनाहरुको उपयोग गर्न सक्ने, नगरको सेवाको बारेमा जानकारी लिई आफ्ना गुनासा र समस्या समाधान गर्न सक्ने व्यवस्था गरिनेछ ।

१८१. सेवाग्राहीको चाप हुने नगरपालिकाको मुख्यालय, वडा कार्यालय लगायत नगरका प्रमुख चोकहरुमा फ्रि वाईफाईको प्रवन्ध मिलाईने छ ।

**वन तथा वातावरण संरक्षण :**

१८२. आगामी आर्थिक २०८०/८१ लाई "वृक्षारोपण वर्ष घोषणा" आर्थिक क्रियाकलापसँग जोडिने गरी अभियानकै रुपमा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

१८३. नगर क्षेत्र भित्रका सार्वजनिक तथा निजी संरचनाहरुमा “वातावरण मैत्री स्थानीय शासन” कार्यक्रमका सूचकहरु कार्यान्वयन गर्दै लगिनेछ । वातावरण संरक्षण र शहरी सौन्दर्यको प्रवर्द्धन गर्दै विभिन्न स्थानका "खुला क्षेत्र" लाई मनोरञ्जनात्मक स्थलको रुपमा विकास गरिनेछ । स्थानीय नागरिकको संलग्नतामा न्यूनतम आधारभूत र क्रमशः उच्चस्तरका सूचकहरु निर्धारण गरी वातावरणमैत्री विकास र स्वच्छ वातावरणको कार्यक्रमलाई प्रवर्धन गरिनेछ ।

१८४. नगरपालिका भित्रको पर्ति, बाँझो, नदी उकास, कूलो, घोला र नदी किनारामा रहेको सार्वजनिक खाली जग्गा, सडक किनार लगायतका जमिनमा “वृक्षारोपण तथा वन विस्तार कार्यक्रम” संचालन गरिनेछ । सामुदायिक वनसँगको सहकार्यमा “नर्सरीको स्थापना, र स्तरोउन्नती” कार्यक्रम संचालन गरी नगरको आवश्यकता अनुसारका विरुवाहरुको उत्पादन गरिनेछ । सार्वजनिक जग्गा, सामुदायिक र सरकारी वनमा उत्पादन, रोजगारी सिर्जना, स्थानीय कच्चा पदार्थको आपूर्तिमा सहयोग पुर्याउने गरी वृक्षारोपण तथा सामूहिक खेती प्रणालीको नीति अवलम्वन गरिनेछ ।

१८५. स्थानीय नागरिकलाई परिवर्तित जलवायु असन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवश्यक ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ । विपद् जोखिम क्षेत्रको नक्सांकन, सरकारी कूलोहरुको संरक्षण र व्यवस्थापन, इँट्टा भट्टा, क्रसर उद्योग आदिबाट निस्कने प्रदुषण नियन्त्रणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

१८६. सामुदायकि वनको क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग पुर्याइनुका साथै समुदायिक बनहरुसँगको सघन समन्वय कायम गरी नगरको विकासलाई अगाडि बढाइने छ ।

**नगर सरसफाई र हरियाली प्रवर्धन :**

१८७. प्रत्येक महिनाको पहिलो र अन्तिम शनिवार संचालन हुँदै आएको "नगर सरसफाई र हरियाली प्रवर्धन कार्यक्रम" लाई टोल विकास संस्था मार्फत बस्तीस्तरसम्म दीगो रुपमा संचालन गरिनेछ ।

१८८. गैरसरकारी संस्था, विद्यालय, कलेज, टोल विकास संस्था, आमा समूह, युवा क्लव लगायतका सामाजिक संघ संस्थाहरुलाई "शहरी सुन्दरता अभिवृद्धि कार्यक्रममा" अनिवार्य सहभागी हुने व्यवस्था मिलाइनेछ ।

१८९. बस्ती स्तरका सडकहरुमा कालोपत्रे गर्दा हरियाली प्रवर्धन कार्यक्रमलाई टेवा पुर्याउने गरी वृक्षारोपण कार्यक्रमलाई समेत लागत स्टिमेटमा समावेश गरी योजना सम्झौता गर्ने प्रणालीको विकास गरिनेछ

१९०. रैथाने फूलहरु मध्येबाट छनौट गरी नगरको फूल (सिटी फ्लावर) को रुपमा घोषणा गरी मुख्य तथा सहायक राजमार्ग, सार्वजनिक स्थल, स्कूल, कलेज, संघ संस्था लगायत हरेक नागरिकले आ-आफ्नो घरमा लगाउने कार्यलाई अभियानात्मक रुपमा संचालन गरिनेछ ।

१९१. नगर सरसफाई र हरियाली प्रवर्धनको महाअभियानलाई टेवा पुर्याउन "जन्म दिनमा वृक्षारोपण" गर्ने कार्यक्रमको सुरुवात गरिनेछ । नहर, घोला, कुलो, खोला लगायतका स्थान आसपासका क्षेत्रको जग्गा संरक्षण गरी सडक हरियाली प्रवर्धन, विश्रामस्थल तथा बगैचा निर्माण कार्यलाई टोल विकास संस्था मार्फत् अगाडि बढाइनेछ।

१९२. सफा शहरका सूचकहरुमा आधारित रही सरसफाईका क्रियाकलापहरु अगाडि बढाइनेछ । वडा नं ४ अन्तर्गतका खोला र घोला किनारालाई “ग्रीन वेल्ड कोरिडोर” को रुपमा विकास गरिनेछ ।

१९३. स्थानी सहकारी, संघ, संस्था, विद्यालय, क्याम्प खानेपानी बन लगायत सबै स्थानीय संस्थाहरुले आफ्नो वार्षिक उत्सवमा अनिवार्य रुपमा वृक्षारोपषण गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।

**टोल विकास संस्था :**

१९४. फोहोरमैला व्यवस्थापन, राजस्व परिचालन, नगरका अभियानात्मक कार्यक्रम संचालन लगायतका कार्यमा टोल विकास संस्थालाई परिचालन गरिने छ । टोल विकास संस्थाहरु संलग्न हुन सक्ने थप क्षेत्रहरुको पहिचान गरिनेछ । टोल विकास संस्थाको क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९५. टोल विकास संस्थालाई नगरको विकासमा सहभागी बनाउन र उनीहरुसँगको क्षमतालाई प्रयोग गरी नगरको समग्र विकासमा गतिशीलता ल्याउनको लागि टोल विकास संस्थाको लागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ । प्रत्येक टोल विकास संस्थाको सहकार्यमा टोल टोलमा सरसफाई अभियान संचालन गरिनेछ । नगरभित्र रहेका आमा समूह, युवा क्लव, किशोरी समूह लगायत समूह तथा संजालहरुको प्रोफाइल तयार पारि नगरको विकासमा एकीकृत रुपमा परिचालन गरिनेछ ।

**विपद् व्यवस्थापन :**

१९६. "विपद् व्यवस्थापन कोष" मा थप रकम जम्मा गर्नको लागि सहयोगीमनहलाई आव्हान गरिनेछ भने उक्त रकमको परिचालनलाई थप व्यवस्थित गरिनेछ । विपद् पूर्वतयारी, विपत व्यवस्थापन, क्षति न्यूनीकरण लगायतका विषयहरुलाई समेटी विपद् प्रतिकार्य योजना निर्माण गरिनेछ । खोला घोला सरसफाई र नदीको उत्खनन कार्यलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड, कार्यविधि, सघन समन्वय लगायत अन्य उपायहरुको अवलम्वन गरिनेछ भने नदी कटानको क्षेत्र व्यवस्थापनमा आवश्यक रणनीति तय गरिनेछ । सरोकारवाला निकायहरुसँगको सहकार्यमा विपद् व्यवस्थापन सम्बन्धी विविध कार्यहरु संचालन गरिनेछ ।

१९७. नदी, खोला, खोल्सा र खहरेबाट कटान डुवान भई क्षतिग्रस्त हुन पुगेका जमिन तथा जोखिममा परेका क्षेत्रहरुको संरक्षण गरिनेछ । साथै बस्ती भित्र पानी पस्ने समस्याको सामाधान गर्न ढल तथा नाला व्यवस्थापन,

खोला सफाई गरी वर्षायाममा पानीको निकाशको समुचित प्रवन्ध गर्न नाला निकाश गुरुयोजना माष्टर ड्रेनेज प्लान तर्जुमा गरी लागु गरिनेछ । नगरका आवश्यक स्थानहरुमा तटवन्ध निर्माण गरिने छ ।

१९८. सुरक्षा निकायसंग समन्वय गरी बारुणयन्त्र संचालन गर्ने प्रबन्ध मिलाईने छ । जेसिबीलाई वडा कार्यालयहरुको आवश्यकताको आधारमा संचालन परिचालन गरिने छ ।

**छाडा चौपाया र गौशाला व्यवस्थापन :**

१९९. नगरपालिका क्षेत्रभित्र वेवारिसे रुपमा छाडिएका छाडा चौपायाको नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य गर्न विशेष अभियान संचालन गरी "चौपाया घटना दर्ता" अभियान संचालन गरिनेछ । नगरपालकाको उपयुक्त स्थानमा गौशाला निर्माणको जग्गा पहिचान गरी वातावरणीय प्रभावमूल्यॉंकन र विस्तृत परियोजना प्रस्ताव तयार पारिने छ ।

**सार्वजनिक सेवा प्रवाह, सुशासन क्षमता विकास**

२००. नगरको मुख्य प्रशासनिक केन्द्र परिसरमा आधुनिक बगैचा, विद्युतीय पुस्तकालय, एटिएम, बैंकको एक्टेन्सन काउन्टर लगायतका सुविधाहरु उपलब्ध गराई एकद्धार प्रणालीमार्फत सेवा पुर्याउने गरि कार्य प्रारम्भ गरिनेछ

२०१. नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरुलाई क्रमशः डिजिटलाईजेशन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाईनेछ । सबै वडाहरुमा कम्प्यूटर प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई सेवा प्रवाहलाई स्वचालित बनाइने छ । नगर सरकारको निर्णय प्रक्रिया सरल, सहज र पारदर्शी बनाइनेछ ।

२०२. आफ्नो जिम्मेवारीमा अलमल गर्ने, काम पन्छाउने, अनियमितता र भ्रष्टाचारमा संलग्न हुने जोकोहीलाई कडा कारवाही गरिनेछ । राम्रो काम गर्ने पुरस्कृत हुने, काम नगर्ने एवं गैरकानूनी काम गर्ने दण्डित हुने विधिलाई कार्यान्वयनमा ल्याइनेछ । राष्ट्रसेवकहरुलाई प्रदान

गरिने सेवा सुविधाको पुनरावलोकन गर्दै तालिम, गोष्ठी, भ्रमण लगायतका क्षेत्रमा खर्च खटौती गरिने छ ।

२०३. नगरपालिका कार्यालयलाई ISO Certificate प्राप्त गर्नका लागि चुस्त व्यवस्थापकीय प्रणालीको अवलम्वन, आवश्यक भौतिक पूर्वाधार एवं जनशक्ति विकास उपयुक्त संगठन संरचना तयार पारी प्रक्रिया अगाडि बढाइनेछ ।

२०४. राष्ट्र सेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्यसंस्कृतिको विकास गरिनेछ । राष्ट्रसेवकहरुमा ज्ञान, सीप र **पेशागत मर्यादाको रक्षा** गरी नगर सरकारको सेवालाई नयाँ गतिका साथ संचालन गरिनेछ । नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण (HR Audit) गरी कार्यसम्पादनका स्पष्ट सूचक निर्माण गरी आगामी २ वर्ष भित्र नगरपालिकालाई "उत्कृष्टताको केन्द्र" को रुपमा विकास गरिनेछ ।

२०५. नगरपालिका भित्रको दर्ता, चलानी तथा महत्वपूर्ण डकुमेन्टलाई दीर्घकालसम्म जोगाई राख्नका लागि "अफिस अटोमेशन प्रणाली" लाई कार्यान्वयनमा ल्याइनेछ ।

२०६. सदाचार प्रवर्धन र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्नको लागि भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गर्दे भ्रष्टाचार गर्ने र गराउने दुवैलाई कानूनको दायरामा ल्याईनेछ । जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

२०७. स्थानीय सुरक्षा निकाय, सामुदायिक प्रहरी र सरोकारवालाहरुबीच सुरक्षा व्यवस्थालाई सवल बनाउन आवश्यक अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ ।

२०८. नगर प्रहरीको संगठनात्मक संरचना, पद दरवन्दी सेवा सुविधा लगायतका विषयहरुको पुनसंरचना गरी नगर प्रहरीको नियमनकारी भूमिलाई प्रभावकारी बनाई बजार, बालश्रम, विद्यालय, व्यवसाय दर्ता र

संचालन, मदिरा बिक्री वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको साँध, सीमाना, ईन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासँग सम्बन्धित विषयहरुलाई प्रचलित कानूनको अधिनमा रही कडाईका साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराइनेछ ।

२०९. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानूनले निर्दिष्ट गरेको व्यवस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरुलाई स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

२१०. नगर सरकारको वेवपेजमा नै सबै वडा कार्यालयहरुलाई आवद्ध गरी वडाका सबै गतिविधिहरु सम्बन्धित वडाको वेवपेजमा राख्ने व्यवस्था मिलाइनेछ ।

२११. नगरपालिकाको मुख्यालय तथा अन्तर्गतका कार्यालयमा राखिएका टि.भि तथा संचार माध्यमबाट कार्यालयबाट सेवा प्राप्त गर्दा अपनाउनुपर्ने प्रकृया, चाहिने आवश्यक कागतजात, योजना तर्जुमा, कार्यान्वयन तथा भुक्तानी प्रकृया, कर तिर्दा हुने फाईदा, घुम्ती शिविर लगायतका जानकारीमूलक सूचनाहरु प्रसार गर्ने व्यवस्था मिलाइनेछ । विकास निर्माण, सेवा प्रवाह लगायत सबै क्षेत्रमा सदाचार पद्धति अवम्बन गरिनेछ ।

२१२. उपभोक्ता समितिका सहजताका लागि निश्चित लागतसम्मका योजना तथा कार्यक्रमहरु वडा कार्यालयबाटै सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

**स्रोत व्यवस्थापन तथा राजस्व प्रशासन**

२१३. नगरबासीलाई कर तिर्नु बोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशील कर प्रणाली अवलम्वन गरि **करको दर भन्दा दायरा**लाई प्राथमिकता दिई सोही अनुसार करका नीतिहरु तय गरिनेछ ।

२१४. आगामी आर्थिक वर्षमा निर्माण गरिएको राजस्व प्रशासन सुधार कार्ययोजना अनुसार आवश्यक बजेट व्यवस्था गरी राजस्व प्रशासनको क्षमता अभिवृद्धि गरिनेछ भने राजस्व सम्भाव्यता अध्ययन गरी राजस्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ । राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित छिटो, छरितो र करदातामैत्री बनाईनेछ ।

२१५. **"सम्पत्ति कर प्रणाली सुदृढीकरण कार्यक्रम"** संचालन गरी सम्पत्ति करलाई आन्तरिक आयको मूल स्रोतको रुपमा विकास गरिनेछ । स्थानीय तहलाई प्राप्त घर बहाल करको हालको दरलाई पुनरावलोकन गरी सम्बन्धित वडा कार्यालयलाई स्रोत साधन सहित घर बहाल कर उठाने अधिकार प्रत्यायोजन गरिनेछ ।

२१६. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रही हाटबजार, ढुङ्गा-गिट्टी, बालुबा, रोडा, माटो, ग्राभेल लगायतका नदीजन्य पदार्थको व्यवस्थापन ठेक्कापट्टा प्रचलित कानून अनुसार समयमै सम्पन्न गरिनेछ । सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई "उत्कृष्ट करदाता" को रुपमा पुरस्कृत गरिने छ । सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाईनेछ

२१७. वडा कार्यालयको राजस्व परिचालन क्षमता बढाउनको लागि सम्पत्ति, घर बहाल कर तथा नदीजन्य पदार्थबाट संकलित राजस्वको २० प्रतिशत रकम सम्बन्धित वडाको पूर्वाधार निर्माण कार्यक्रमका लागि थप-अनुदान स्वरुप उपलब्ध गराइनेछ । कर प्रणालीमा सुधार गर्नको लागि आगामी वर्ष राजस्व प्रणाली सुदृणिकरण कार्यक्रम संचालन गरिनेछ । कर सहभागिता अभियानलाई आगामी वर्ष पनि निरन्तता दिई कर सहभागिता र कर परिपालना अभिवृद्धि गरिने छ । हाटबजार ठेक्का वापत प्राप्त हुने रकमको न्यूनतम २५ प्रतिशत रकम सोही हाट बजार व्यवस्थापनको स्तरोउन्नतीका लागि खर्च गर्ने प्रवन्ध मिलाईने छ ।

२१८. सार्वजनिक सेवावापत बुझाउनु पर्ने सबै दस्तुर र सेवा शुल्क क्यूआर कोड लगायतका विद्युतीय माध्यमबाट राजस्व खातामा जम्मा गर्ने सक्ने व्यवस्था मिलाइने छ ।

२१९. **"नगर विकासको भरः व्यवसायीले बुझाने कर"** भन्ने मूल मर्मका साथ लिइदै आएको व्यवसायिक करमा करमा ७५ प्रतिशत छुट दिने व्यवस्था मिलाउने छु ।

**योजना व्यवस्थापन, अनुगमन एवं तथ्याङ्क प्रणाली तथा अनुसन्धान र विकासः**

२२०. नगरबासीहरुका विकासका आकांक्षालाई पूरा गर्न एवं समृद्ध नगरको सपनालाई यथार्थतामा परिणत गर्न योजना प्रणालीको अहंम् भूमिका रहने विषयलाई आत्मसात गर्दै समग्र योजना तर्जुमा प्रणालीलाई यथार्थपरक, व्यवहारिक समुदायको अपनत्व रहने, टिकाउ र गुणस्तरीय निर्माणको कार्यलाई सुनिश्चितताका साथ **प्रोजेक्ट बैंकलाई** परिस्कृत तवरले संचालन गरिनेछ । केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादाम्यता कायम गरी नगरको सर्वाङ्गीर्ण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको **"दीर्घकालिन योजना"** निर्माण गरिनेछ ।

२२१. संघीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादाम्यता कायम गरी नगरको सर्वाङ्गिण विकास गर्ने ध्येयका साथ **आवधिक योजना (Periodic Plan)** निर्माणको कामलाई पूरा गरिनेछ

२२२. आर्थिक वर्ष २०८०।८१ मा विभिन्न आयोजनामा छुट्टाइएको पूँजीगत खर्चको न्यूनतम ७० प्रतिशत रकम चैत्रमसान्त भित्रै खर्च गर्नको लागि असोज मसान्तसम्म उपभोक्ता समिति गठन, कार्तिक मसान्तसम्म उपभोक्ता समितिलाई तालिम, मंसिर मसान्तसम्म योजना सम्झौता, बैशाख मसान्तसम्म कार्यम्पन्न र ज्येष्ठ मसान्त सम्म भुक्तानी फरफारक गर्ने प्रवन्ध सहित वडास्तरका योजनाहरुको सम्झौता वडास्तरमा सम्पन्न गर्ने प्रवन्ध मिलाईनेछ। योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ ।

२२३. योजना अनुगमनको वार्षिक कार्यतालिका र सूचक निर्माण गरी अनुगमनलाई परिणाममुखी बनाइनेछ । योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ

२२४. आगामी वर्ष बर्दघाट नगर सरकारको आवधिक योजना, मध्यकालिन खर्च संरचना, आयोजनाहरुको प्राथमिकरण (P1, P2, P3) दीगो विकासको लक्ष्य, डुइङ्ग विजनेश सूचक (Doing Business Index) लगायतका क्षेत्रमा काम गरिनेछ । नगर सरकारका योजना, विकास र लगानीलाई **"समृद्ध नेपाल : खुसी नेपाली"** को अभियानसँग तादाम्यता मिलाईनेछ ।

२२५. स्थानीय सार्वजनिक खरिद नियमावलीलाई परिमार्जन गरी सार्वजनिक खरिद र विकास निर्माण बीच तालमेल मिलाईनेछ । विकास आयोजनाहरु तोकिएको परिणाम, गुणस्तर, लागत र समय (Quantity, Quality, Cost & Time QQCT) मा सम्पन्न हुनेगरी संयन्त्र निर्माण गरिने छ ।

२२६. भौतिक पूर्वाधारको गुणस्तरको मापन गर्नको लागि आवश्यक प्राविधिक र यान्त्रिक व्यवस्थापन गरिनेछ । स्थानीय पूर्वाधारका लागि लगानीको सुनिश्चितता गर्न संघीय कानूनको अधिनमा रही परियोजनामा आधारित आन्तरिक ऋण परिचालन गरिने छ । यसरी आन्तरिक ऋण परिचालन गर्दा आ.ब. २०८०।८१ को आन्तरिक राजस्व र नेपाल सरकारको राजस्व बाँडफाँटबाट प्राप्त हुने राजस्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण परिचालनको प्रक्रिया सुरु गरिनेछ ।

२२७. दीर्घकालीन पूर्वाधार योजना कार्यान्वयनका लागि जग्गाको क्षेत्रफल एकिन, डिपीआर र वातावरणीय प्रभाव मूल्यांकन लगायतका कामहरु गरेर मात्र निर्माण प्रक्रिया सुरु गरिने छ ।

**सामुदायिक तथा गैरसरकारी संस्था :**

२२८. नगरपालिका भित्र क्रियाशील गैरसरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन मूल्याङ्कन र सहजिकरणलाई निरन्तरता दिइनेछ ।

गैरसरकारी संस्थाद्धारा नगर क्षेत्र भित्र संचालन गर्ने सबै कार्यक्रम नगरपालिकाको वार्षिक योजनामा समावेश गर्ने र नगरपालिकाले तोकेको क्षेत्रमा कार्यक्रम संचालन गर्नु पर्ने प्रवन्ध मिलाईने छ । त्यसैगरी नगर क्षेत्र भित्रका सामुदायिक संस्थाहरु (खानेपानी, वन, सहकारी) ले सामाजिक कार्यहरु गर्दा नगरपालिकासँग समन्वय गर्नुपर्ने प्रवन्ध मिलाइने छ ।

**न्यायिक समिति**

२२९. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन अनुसार नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको सुव्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ । न्यायिक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिनेछ । विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्ट पारिनेछ । नयाँ कानून, कार्यविधि, मापदण्डको अध्ययन अनुसन्धान एवं मस्यौदा तयार पारिनेछ । स्थानीय न्याय सम्पादन प्रकृयालाई छिटो, छरितो र थप व्यवस्थित बनाई न्यायिक समितिमा सर्वसाधारण नागरिकको पहुँच वृद्धि गरिने छ ।

२३०. प्रत्येक वडामा मेलमिलापकर्ताको व्यवस्था गरी विवाद निरुपण र मेलमिलापका आधारभूत सिद्धान्तहरुको पालनामा जोड दिईनेछ । विवाद निरुपणमा अविभेद, सहभागिता, जवाफदेहिता र ससक्तिकरण जस्ता पक्षलाई ध्यान दिइनेछ । न्यायिक समितिका निर्णयहरुको कार्यान्वयनका लागि नगरप्रहरीको जिम्मेवारी किटानी गरिने छ ।

२३१. लैङ्गिक हिंसाबाट प्रभावित महिला तथा बालबालिकाहरुलाई अस्थाई आश्रयस्थलको व्यवस्था गरिने छ । हिँसा पीडित महिला, अपाङ्गता भएका व्यक्ति, दलित, बालबालिका र ज्येष्ठ नागरिकलाई प्रदेश र संघीय सरकारको सहकार्यमा निशुल्क कानूनी सहायता उपलब्ध गराइनेछ ।

**अन्य,**

२३२. मेरो नेतृत्वको स्थानीय सरकार गठन भएपश्चात मैरै अगुवाईमा सुरु भएका "बर्दघाटका बाह्र अभियान" लाई स्रोतगत सुनिश्चितता सहित कडाईका साथ संचालन गर्ने प्रवन्ध मिलाउने छु ।

२३३. चालु आर्थिक वर्षका नमूना वडा कार्यालयलाई यस वर्ष पनि निरन्तरता दिइने छ । प्रतिनिधि सभाका माननीय सदस्य श्री विनोद कुमार चौधरीद्वारा घोषणा गरिएका गौरवका आयोजनाहरुलाई पूर्णरुपमा कार्यान्वयनमा जाने स्वःचालित प्रणालीको स्थापना गरिनेछ ।

**आदरणीय नगर सभाका सदस्यज्यूहरु :**

२३४. बर्दघाट नगर सरकारको तर्फबाट चालु वर्षमा प्राप्त उपलब्धिहरुलाई अझ सुदृढ बनाउँदै, आर्थिक, सामाजिक र साँस्कृतिक सबै क्षेत्रको समातामूलक विकासका लागि "समृद्ध नगर : सुखी नगरबासी" को आकाङ्क्षा पूरा गर्ने अठोटका साथ मैले आर्थिक वर्ष २०८०।२०८१ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

२३५. बाल्यकालमा शिक्षा, स्वास्थ्य र पोषण, युवाअवस्थामा शीप, उद्यमशीलता र रोजगारी जेष्ठ नागरिकलाई सम्मान र संरक्षण, सीमान्तकृत समूहलाई मूलप्रवाहिकरण र महिलालाई समतामूलक अवसर सिर्जनाको लागि कार्यक्रम केन्द्रित गरेको छु ।

२३६. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको विकासको आधारशीला खडा हुनेछ, आर्थिक पारदर्शिता र सुशासन कायम हुनेछ । नगरको सेवाको गुणस्तर वृद्धि भई बर्दघाट नगर सरकार **"उत्कृष्ट नगर सरकार"** को रुपमा नेपालको मानचित्रमा अंङ्गित हुनेछ भन्ने विश्वास लिएको छु।

२३७. यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट विशिष्ट योगदान प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । अन्त्यमा नगरको विकासमा योगदान पुर्याउनु हुने जनप्रितिनिधिज्यूहरु र राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, निजी क्षेत्र, सहकारी तथा संघ संस्था, नागरिक समाज, बुद्धिजीवी र टोल विकास संस्था, सञ्चारजगत, सुरक्षा निकाय, सरकारी गैरसकारी संघ संस्थाहरु तथा सम्पूर्ण नगरबासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु । यसैगरी नगरको विकास प्रयासमा सहयोग गर्नको लागि हातेमालो गरिरहेका संघीय सरकार र प्रदेश सरकारप्रति अभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**